का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १७, अंक ३००
❒ ५ माघ २०७६, आइतबार
❒ 19 January 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily राष्ट्रिय दैनिक

# न्याय निरूपणमै भागबण्डा

❒ बेपत्ता छानबिनको अध्यक्ष नेकपा ❒ मेलमिलापको अध्यक्ष काँग्रेस

**सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमा भण्डै एक वर्ष पछि अध्यक्ष सहित सदस्यहरू सिफारिस भएका छन्। सिफारिसका लागि पूर्व न्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा समिति गठन गरिए पनि नेकपा र काँग्रेस बीच भागबण्डामा दुवै आयोगमा सिफारिस गरिएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

भण्डै वर्ष दिन रिक्त रहेको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगमा अध्यक्ष सहित सदस्यहरु सिफारिस भएका छन्। पूर्व प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा बनेको समितिको शनिबार बसेको बैठकले अध्यक्ष र सदस्यहरुको नाम सिफारिस गरेको हो। सिफारिस समितिको बैठकको निर्णय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसहचिव कमलराज गौतमले विज्ञप्ती मार्फत् सार्वजनिक गरेका छन्। सिफारिस प्रतिवेदन कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई बुझाइएको छ।

समितिले सत्य निरूपण तथा मेलमिलाप आयोगको अध्यक्षमा गणेशदत्त भट्टको नाम सिफारिस गरेको छ। समिति सदस्यहरुमा गोविन्द गौतम, बिष्णु पोखरेल, मन दाहाल र प्रचण्डमान श्रेष्ठको नाम सिफारिस गरिएको छ। अध्यक्ष भट्ट र सदस्य श्रेष्ठ कांग्रेस कोटाबाट सिफारिस भए भने बाँकी सदस्य नेकपा सिफारिसका हुन्।

बेपत्ता पारिएका व्यक्तिहरूको छानविन आयोगको अध्यक्षमा युवराज सुवेदी सिफारिस भएका छन्। उनी नेकपाको सिफारिसमा परेका हुन्। चार सदस्य मध्ये बिष्णु भण्डारी नेकपाको सिफारिसमा परेका छन् भने बाँकी सुनिल सिंह, सरिता थापा र गंगाधर अधिकारी काँग्रेसको सिफारिसमा परेका हुन्। शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा सत्तारुढ नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल तथा काँग्रेसका सभापति शेरबहादुर देउवा बीच भएको छलफलले आयोगका पदाधिकारी सहित सदस्यहरुको टुंगो लगाएको हो। शुक्रबार समेत ओली, दाहाल र देउवा बीच छलफल भएको थियो।

दलहरुबीच सहमति जुट्न नसक्दा दुवै आयोग पदाधिकारी बिहीन थिए। गत वर्ष चैतको मन्त्रिपरिषद्ले पूर्व न्यायाधीश मिश्रको संयोजकत्व समितिले सिफारिस गठन गरेको थियो। दलहरुबीच मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोग सम्बन्धी विधेयक संशोधन सहमतिको आधारमा गर्ने सहमति समेत जुटेको छ।

पदाधिकारी सहित सदस्यहरु भागबण्डा गरिए पछि विधेयक संशोधनमा समेत सहमति जुटेको हो। नेकपा र काँग्रेस बीच चालू संसद्को अधिवेशनमा नै विधेयक दर्ता गराएर सहमतिका आधारमा चाँडै ल्याउने समझदारी भएको छलफलमा सहभागी नेकपा संसदीय दलका उपनेता सुभाष नेम्वाङले बताए। काँग्रेसका नेता रमेश लेखकले आयोग सम्बन्धी कानून सम्बन्धमा सातै प्रदेशबाट छलफल भई सुझावका आधारमा संसद्मा पेश गर्ने सहमति भएको बताए। यसअघि विधेयक माथिको संशोधन गर्नका लागि सातै प्रदेशबाट सुझाव लिइएको थियो।

संक्रमणकालीन न्याय टुंग्याउन गठित मेलमिलाप आयोगमा मात्रै ५३ हजार उजुरी दर्ता बाँकी पृष्ठ २ मा



**मेलमिलाप आयोग**
अध्यक्ष: गणेश भट्ट (काँग्रेस)
**सदस्यहरू:**
गोविन्द गौतम (नेकपा)
बिष्णु पोखरेल (नेकपा)
मन दाहाल (नेकपा)
प्रचण्डमान श्रेष्ठ (काँग्रेस)

उजुरी
**५३,०००**



**बेपत्ता पारिएका छानबिन आयोग**
अध्यक्ष: युवराज सुवेदी (नेकपा)
**सदस्यहरू:**
सुनिल सिंह (काँग्रेस)
सरिता थापा (काँग्रेस)
गंगाधर अधिकारी (काँग्रेस)
बिष्णु भण्डारी (नेकपा)

उजुरी
**३,१००**



प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको नेकपा र कांग्रेस नेताहरूको बैठक




# बल्ल बल्यो ट्राफिक लाइट

**केशर धामी/मध्यान्ह**
काठमाडौं, ४ माघ

शनिवार बिहान ११ बजेतिर नयाँ बानेश्वर चोकका ट्राफिक एक आपसमा गफिरहेका थिए। अर्को भाषामा भन्दा उनीहरू अरु दिनको तुलनामा ट्राफिक व्यवस्थापनमा व्यस्त थिएनन्। उनीहरू सडक छेउमा उभिएर चोकको गतिविधि नियालिरहेका थिए।

त्यस्तै गौशालाको चोकका ट्राफिक प्रहरी पनि अरु दिन जसरी ट्राफिक व्यवस्थापनमा खटिएका थिएनन्। उनीहरू सबैका गतिविधि नियालिरहेका थिए। ट्राफिक प्रहरीलाई यो सहजना सडकमा जोडिएको ट्राफिक लाइटले गरेको हो।

काठमाडौंका विभिन्न ११ स्थानमा ट्राफिक लाइट मर्मत सम्भार गरिएको छ। नौ वर्षअघि बिग्रिएका उपत्यकाका ११ स्थानका ट्राफिक लाइट बल्न थालेका छन्। महानगरीय ट्राफिक प्रहरी महाशाखा र सडक विभागको समन्वयनमा पुतलीसडक, पद्मोदय मोड, सिंहदरबार, पुरानो बानेश्वर, नयाँ बानेश्वर, तीनकुने, गौशाला र ललितपुरको महापालमा ट्राफिक लाइट पुनः सञ्चालनमा ल्याइएको ट्राफिक प्रहरीले जनाएको छ।

ती स्थानमा ट्राफिक लाइट पुनः सञ्चालनमा ल्याइएपछि सवारी व्यवस्थापनसँगै पैदल यात्रुका लागि बाटो काट्न सहज बनेको छ। प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रामबहादुर थापाले समेत चासो देखाएपछि ट्राफिक लाइट सञ्चालनमा ल्याउन सफलता मिलेको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख वरिष्ठ उपरीक्षक (एसएसपी) भीमप्रसाद ढकालले जानकारी दिए।

पुस दोस्रो साता बसेको मन्त्रिपरिषद बैठकले काठमाडौं उपत्यकाभित्रका सडकमा ट्राफिक बत्ति बाल्ने कार्ययोजना बनाएको थियो। सडक विभाग र महानगरीय ट्राफिक प्रहरी कार्यालयले बिग्रेका ट्राफिक बत्ति मर्मत गर्ने वा नयाँ जडान गर्ने कामको जिम्मेवारी पाएसँगै काम अघि बढिरहेको एसएसपी ढकालले बताए। 'नौं वर्षदेखि बिग्रेर थन्किएका बत्ति सडक विभागको आर्थिक सहयोगमा मर्मत गरी सञ्चालनमा ल्याइएको छ।' एसएसपी ढकालले भने। उनले ट्राफिक प्रविधिमैत्री सडक बनाउने सिलसिलामा सडक बत्ति बाल्ने कार्य पनि महत्वपूर्ण बाँकी पृष्ठ २ मा

## नेपाल–भारत–मलेसिया पाम आयल प्रकरण

# हजारौंको रोजगारी संकटमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

भारत र मलेसियाबीच बढेको कूटनीतिक द्वन्द्वले मलेसियामा नेपालीसहित आप्रवासी कामदारको मुख्य रोजगार क्षेत्र प्लान्टेशन प्रभावित हुने भएको छ। भारतले करिब १५ दिन अघि मलेसियालाई लक्षित गरी प्रशोधित पाम आयल आयातमा प्रतिबन्ध लगाएको थियो। भारत मलेसियाको प्रशोधित पाम आयालको ठूलो बजार हो। भारतले सन् २०१८ मा मामलेसियाबाट १.६५ अर्ब अमेरिकी डलर बराबरको प्रशोधित पाम आयल आयात गरेको थियो।

मलेसियाका प्रधानमन्त्री डा. महाथिर मोहम्मदले भारतले भारत शासित कश्मीरलाई दिँदै आएको विशेष दर्जा खारेज र नागरिकता सम्बन्धी ऐन ल्याई मुस्लिम समुदायमाथि भेदभाव गरेको भन्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चर्को आलोचना गरेपछि भारतले मलेसिया लक्षित गरी प्रशोधित पाम आयल आयातमा रोक लगाएको थियो। यसको असर नेपालको अर्थतन्त्रमा समेत परेको छ।

कश्मीर मामिला र नागरिकता सम्बन्धी ऐन आफ्नो आन्तरिक मामिला भएको बताउँदै आएको भारत र मलेसियाबीच दुईसाता यता उत्पन्न 'कूटनीतिक इगो' तत्काल शान्त हुने लक्षण देखिएको छैन। भारतले शनिवारबाट आफ्ना ३६ मन्त्रीलाई भारत शासित कश्मीर क्षेत्रमा खटाएर स्थितिलाई सामान्य बनाउने र आफुले उठाएको कदम सही स्थापित गर्ने प्रयास शुरु गरेको छ।

मलेसियाको ट्रेड युनियन काँग्रेसले मलेसियाको प्लान्टेशन क्षेत्रमा भारतका करिब ५ लाख कामदार रहेको उल्लेख गर्दै निर्यात प्रतिबन्ध जारी रहेमा मलेसियाको पाम आयल उद्योग प्रभावित भई भुक्तानी रोकिने र त्यसको गम्भीर असर भारतीय मजदुर तथा उनीहरुका परिवारमा पर्ने भन्दै मलेसिया तथा भारत दुवै सरकारलाई ईगो छोडेर व्यापारलाई समान्यीकरणको लागि ध्यानकर्षण गराएको छ।

भारतको प्रतिबन्धबाट मलेसियालाई निकै ठुलो नोक्सान पुग्ने आँकलन अन्तर्राष्ट्रिय रुपमा समेत गरिएको छ। भारतीय प्रतिबन्ध जारी बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कतारमा ८ कामदारले पाए ३७ लाख इनाम

**शिवराज गौतम/मध्यान्ह**
कतार, ४ माघ



कतारमा नेपालबाट वैदेशिक रोजगारीमा गएका ८ जना कामदारले ३७ लाख रुपैयाँ बढी पुरस्कार स्वरुप पाएका छन्। कतारको आइओएस प्राप्त एक प्रतिष्ठित कम्पनी नासर अल अली इन्टरप्राइसेसमा कार्यरत आठजना नेपाली कामदारलाई उक्त कम्पनी मालिक आसर अल अलीले जनही १५ हजार रियालको दरले एकलाख बीस हजार रियाल इनाम स्वरुप प्रदान गरेका छन्।

उनले विगतवर्ष देखि नै नेपाली कामदारहरुलाई पुरस्कृत गर्दै आएका छन्। जनही १५ हजार रियल नगद इनाम पाउने नेपालीहरुमा इलामका पोष्टबहादुर गुरुङ, हरी माधव प्रसाद मण्डल, कृष्णराज शर्मा, पाल्पाका बलबहादुर चाहारे, रामु सादा, अर्घाखाँचीका हरीबहादुर घर्ती मगर, रुपन्देहीका धनबहादुर गुरुङ र अर्घाखाँचीका गुणखर नेपाली छन्।
**विस्तृत समाचार पृष्ठ ३ मा।**

# हिमपहिरोमा ११ बेपत्ता, डेढ सयको उद्धार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

हिमपात र हिमपहिरोका कारण माछापुच्छ्रे र अन्नपूर्ण हिमालको आधार शिविरमा अलपत्र परेका एक सय ५० जना भन्दा बढीको उद्धार गरिएको छ। शनिवार साँझसम्म प्रभु, सिम्रिक र डाइनाष्टिक कम्पनीका तीन वटा हेलिकप्टर मार्फत् अलपत्र परेका स्वदेशी तथा विदेशी पर्यटकको उद्धार गरिएको कास्की प्रहरीले जनाएको छ।

ती दुई हिमालको आधार शिविर पुग्ने बाटो देउराली भन्ने ठाउँमा पहिरो गएपछि स्वदेशी र विदेशी पर्यटक पैदल फर्कन सकेका थिएनन्। पहिरोका कारण नेपाली, चिनियाँ र कोरियाली गरी ११ जना हराइरहेका छन् र उनीहरु अझै सम्पर्कविहीन रहेको कास्की प्रहरी प्रमुख एसपी दानबहादुर कार्कीले जानकारी दिए। अन्नपूर्ण आधार शिविरबाट चार/चार जना चिनियाँ तथा कोरियाली र तीन नेपाली सम्पर्क बिहिन बनेका हुन्।

अन्नपूर्ण र माछापुच्छ्रे हिमालको आधार शिविरमा रहेका होटल व्यवसायी, नेपाली पर्यटक, विदेशीसमेत गरी डेढ सय बढीको उद्धार गरिएको सिम्रिक एयरका पोखरा प्रमुख कमल गौतमले जानकारी दिए। थुप्रै नेपालीलाई छोम्रोङ भन्ने ठाउँसम्म ल्याइएको र अरु विदेशी तथा हिँड्न नसक्ने भएका नेपालीलाई पोखरा ल्याइएको गौतमको भनाइ छ। बिहीबारदेखि पहाडी भागमा वर्षा हुँदा हिमालतिर भने हिउँ परेको थियो।

नेपालीहरुलाई निःशुल्कै उद्धार गरिएको छ भने विदेशीलाई भने अति न्यूनतम खर्चमा ल्याइएको गौतमले बताए। स्थलगत रुपमा प्रहरी, स्थानीय जनता र टानको टोली उद्धारमा जारी रहेको छ। सो क्षेत्रमा पाँचदेखि सात फिटसम्म हिउँ परेको कारण कतिपय पर्यटक अलपत्र परेको हुन सक्ने टान पश्चिमाञ्चलका अध्यक्ष हरि भुजेलले जानकारी दिए। अत्यधिक चिसोको कारण उद्धारमा कठिनाइ भएको छ।

मनाङको निस्याङ गाउँपालिका-९ मा रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको चेकपोस्टमा गत पुस २७ गते थ्रोङ्ला पासका लागि अनुमति लिएका पर्यटकहरुले आजसम्म थोरङ्ला पार नगरेको तथा सम्पर्कमा नआएको प्रदेश प्रहरी कार्यालय गण्डकीका प्रहरी उपरीक्षक दीपक रेग्मीले बताए। हराएका पर्यटकमा दुई महिला र दुई पुरुष छन्। ह्वाङ इहिन (राहदानी नं इजी ११२९६२) र छाथ स्थाउ थिङ (राहदानी नं इओ ५२५६४८०) छन्। दुई जना पुरुषमा मा क्वायन्ली (राहदानी नं इसी ३४६७१०) र एनबड जाड (राहदानी नं इ ६६८७००५) रहेका छन्।

अन्नपूर्ण संरक्षण कार्यालयबाट घटनाको बारेमा जानकारी प्राप्त हुने वित्तिकै हुन्दे प्रहरी चौकीबाट प्रहरी टोली खटिइ हराएका पर्यटकको बारेमा अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ।



# विद्रोहको झण्डा बोक्न आवश्यक छैन : मुख्यमन्त्री पोखरेल

**नवलपरासी/मस–** मुख्यमन्त्री शंकर पोखरेलले नेपाली समाजमा अब विद्रोहको झण्डा बोक्न आवश्यक नभएको बताएका छन् । उनले परम्परागत आन्दोलनले निर्माण गरेको मनोविज्ञानको प्रभावले नागरिकहरु राज्यबाट टाढा हुन खोज्ने गरेका समेत बताए ।

पश्चिम नवलपरासीको बर्दघाटमा नेपाल स्काउटको प्रदेश नं ५ स्तरीय आधारभूत तालीमको शनिबार उद्घाटन गर्दै मुख्यमन्त्री पोखरेलले राज्य हाम्रो हो र राज्यलाई बलियो बनाएर मात्र हामी बलियो भइन्छ भन्ने भावनाको विकास गर्न जरुरी रहेकामा जोड दिए । उनले भने, 'अहिले पनि समाजमा राज्यको विद्रोहीका रुपमा समाजका सदस्यले आफूलाई हेर्ने गरेको पाइन्छ, तर संविधानले दिएका अधिकार प्रयोग गर्न सबल र सक्षम राज्य हुनुपर्दछ, नागरिकले गौरवबोध गर्न सक्दछन्, त्यस प्रकारको राज्य बनाउनु हामी सबैको अभिभारा हो ।'

मुख्यमन्त्री पोखरेलले नेपाली समाजलाई लाहुरे संस्कृतिले गाँजेका कारण यहाँ गर्न सकिने काम गर्न पनि युवा विदेश पलायन हुने गरेका उल्लेख गरे । समृद्ध राष्ट्र निर्माणका लागि स्वदेशमा उद्यमशील बन्न उनले आग्रह गरे । उनले भने, 'हामीले हाम्रो देशलाई युवा निर्यात गर्ने देशका रुपमा चिनाउन बाध्य छौं, तर स्वदेशमै त्यो भन्दा महत्वपूर्ण कामले हामीलाई पर्खिरहेको हुन्छ, हामीले उपेक्षा गर्छौं, राष्ट्रलाई सबल बनाउन स्वदेशमा उद्यमशील बन्नुपर्छ ।'

समाजमा देखिएको निराशा र कुण्ठालाई सकारात्मक र



आशावादी समाजको रुपमा विकास गर्न युवाको भूमिका हुने बताउँदै मुख्यमन्त्री पोखरेलले स्काउटको यस किसिमको तालीमले सुचरित्र र असल नागरिक तथा समाज निर्माणमा सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री बैजनाथ चौधरीले विपद्का बेला यूवा परिचालनमार्फत व्यवस्थापन गर्न तथा समृद्धिको प्रमुख आधार युवा जगत नै भएको उल्लेख गरे । युवा तथा खेलकूद विकास मन्त्रालयका सचिव रामप्रसाद थपलियाले सरकारले यस वर्षलाई युवा परिचालनको वर्ष घोषणा गरेकाले स्काउट अभियानलाई गाउँगाउँसम्म पुऱ्याउनुपर्ने आवश्यकता रहेको बताए ।

पाँच दिनसम्म सञ्चालन हुने आधारभूत तालीममा प्रदेश नं ५ का १२ जिल्लाका १०९ वटै स्थानीय तहका गरी ६०३ प्रशिक्षार्थी तथा ११० प्रशिक्षकको सहभागिता रहेको नेपाल स्काउटका राष्ट्रिय निर्देशक लोकबहादुर भण्डारीले जानकारी दिए । सो अवसरमा नेपाल कम्युनिष्ट पार्टी(नेकपा) प्रदेश नं ५ का प्रमुख सचेतक भूमिश्वर ढकाल, प्रतिपक्ष दल नेपाली काँग्रेसकी सचेतक निर्मला क्षेत्री, प्रदेशसभा सदस्य दीपेन्द्र अधिकारी, बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदी, बर्दघाट नगरपालिकाका प्रमुख धीरज शर्मा बस्यालले स्काउटको तालीम भाईचारा, एकता, सद्भाव र समाज रुपान्तरणमा सहयोगी सिद्ध हुने विश्वास व्यक्त गरेका थिए ।

# अपराधीले टाउको उठाउने मौका पाउँदैनन् : महानिरीक्षक खनाल

**तनहुँ/मस–** प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले अपराधीले टाउको उठाउने मौका नपाउने बताएका छन् । तनहुँको भानु नगरपालिका-२ नारेश्वरटारमा इलाका प्रहरी कार्यालय भानुको शनिबार भवन शिलान्यास गर्दै महानिरीक्षक खनालले अपराध र अपराधी समृद्ध मुलुक निर्माण अभियानको बाधक भएकाले अपराधीलाई सजाय दिन प्रहरी प्रतिबद्ध रहँदै आएको बताए ।

समुदाय-प्रहरी साझेदारी अभियानअनुसार प्रहरी अगाडि बढेको र उक्त अभियानले शान्ति सुरक्षा कायम र अपराध नियन्त्रणमा महत्वपूर्ण योगदान पुऱ्याएको महानिरीक्षक खनालको भनाइ थियो । विकास निर्माणका लागि सुरक्षा स्थिति सुदृढ बनाउने बताउँदै महानिरीक्षक खनालले भने, 'विकास निर्माण र शान्ति सुरक्षा एक अर्काका पुरक हुन्, विकास निर्माणमा अवरोध हुन दिन्नौं ।'

महानिरीक्षक खनालले समाजमा सुरक्षा प्रदान गर्ने प्रहरी आफैं सुरक्षित हुनुपर्ने भएकाले जीर्ण रहेका प्रहरी कार्यालयको भवन



निर्माणलाई तीव्रता दिइएको बताए । प्रहरी कार्यालयलाई पूर्वाधारयुक्त र सुविधा सम्पन्न बनाउन नयाँ प्रहरी कार्यालय भवन निर्माणलाई समेत अगाडि बढाइएको उनको भनाइ छ ।

कार्यक्रममा भानु नगरपालिकाका प्रमुख उदयराज गौलीले नागरिक र प्रहरीको सहकार्यले अपराध न्यूनीकरण र शान्ति सुरक्षा कायम गर्न सम्भव रहेको बताए । प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डितले आम नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रहरीको कार्यसम्पादनमा निर्माण हुन लागेको भवनले सहयोग पुग्ने बताए ।

रु दुई करोड ६८ लाख ३६ हजार १२२ को लागतमा निर्माण हुन लागेको भवन २०७७ पुस २६ गतेसम्म सम्पन्न हुने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक विनोद सिलवालले जानकारी दिए । काभ्रेस्थित ब्राइट मल्टी कन्स्ट्रक्सन प्रालिले भवन निर्माणको जिम्मेवारी पाएको छ ।

साढे दुई तल्लाको भवनको भूइँतलामा हिरासत कक्ष, सुरक्षा गार्ड कक्ष, पहिलो तल्लामा व्यारेक र दोस्रो तल्लामा सञ्चार कक्ष र कार्यालय प्रमुखको आवास रहनेछ । मजुवा सामुदायिक वनको स्वामित्वमा रहेको जीर्ण घर भाडामा लिई कार्यालय सञ्चालन हुँदै आएको छ ।

विसं २०१५ मा प्रहरी चौकीको रुपमा स्थापना भएको कार्यालय विसं २०५५ मा इलाका प्रहरी कार्यालयको रुपमा स्तरोन्नति भएको थियो । हाल इलाका प्रहरी कार्यालयमा प्रहरी निरीक्षकको दरबन्दी रहेको छ । उक्त कार्यालयले भानु मुकाम डुम्रेबाट पनि सेवा प्रवाह गर्दै आइरहेको छ ।

# 'घरायसी लेनदेनको लागि ऋण कारोबार आवश्यक'

काठमाडौं/मस- सर्लाहीका बुद्धिजिवी तथा ऋणीहरुले घरायसी लेनदेनको लागि 'ब्याजमा ऋण कारोबार' आवश्यक रहेको औंल्याएका छन् । शनिबार रिपोर्टर्स क्लब नेपालमा पत्रकार सम्मेलनको आयोजना गर्दै उनीहरुले घरायसी लेनदेनको लागि ब्याजमा ऋणको कारोबार गर्नुलाई अपराधको रुपमा नबुझ्न आग्रह गरेका हुन् ।

कार्यक्रममा बोल्दै कानून व्यवसायी राजीव सिन्हाले नेपालको प्रचलित कानूनले तोकेको दर रेटमा गरिने आर्थिक लेनदेनको कारोबारलाई निरन्तरता दिनुपर्ने धारणा राखेका छन् । उनले भने, 'कसैको घरमा छोरीको विवाह गर्नुपर्ने हुन्छ, कसैको उपचारको लागि पैसा चाहिन्छ, कसैलाई वैदेशिक रोजगारमा जानको लागि तत्काल पैसा चाहिएको हुन्छ, हाम्रो समाजमा यस्ताखाले अन्य सामाजिक गर्जो टार्नुपर्ने समस्याहरु आइरहन्छन्, यी समस्याको समाधान गर्नको लागि पनि यस्तोखाले कारोबार विगत लामो समयदेखि (परम्परा) को रुपमा चलिआएको छ, यस्तो कारोबारलाई कानूनले पनि मान्यता तथा संरक्षण गरेको छ ।'

उनले अघि थपे, 'जबसम्म राज्यले सानातिना गर्जो टार्ने वित्तिय संस्थाहरु गाउँघरमा पुऱ्याउने आफ्नो जिम्मेवारी पूरा गर्दैन् । तबसम्म यस्तो सामाजिक व्यवस्था (परम्परा) लाई निरन्तरता दिनुपर्छ, अहिले त विकल्प नै नदिईकन यस्तो व्यवस्थालाई विथोल्न खोजिएको छ ।' उनले सर्लाहीका सञ्जय रौनियारको विरोधमा फौजदारी अभियोग दर्ता हुने अवस्था सिर्जना गरिएकोमा पनि गम्भिर असन्तुष्टि व्यक्त गरे ।

कार्यक्रममा सर्लाही निवासी अधिवक्ता जगदेव चौधरीले पनि नेपालको संविधान र मूलुकी देवानी संहिता-२०७४ मा लेनदेन गर्नेबारे कानूनी व्यवस्था गरेको सुनाउँदै सो व्यवस्थामाथि सर्लाहीको साहुहरुमाथि लेनदेन गरेको आधारमा फौजदारी मुद्दा लगाई धरपकड गर्ने कार्य निन्दनीय भएको टिप्पणी गरेका छन् । उनले भने,'साहूहरुमाथि भएको ज्यादती, धरपकडप्रति हाम्रो गम्भिर आपत्ति छ । सरकारको तर्फबाट यो काम तुरुन्त बन्द गर्नुपर्छ ।'

उनले साहूहरुमाथि भएको ज्यादती नरोकिएमा घरायसी लेनदेनको कारोबार बन्द हुने अवस्थासमेत सिर्जना हुन लागेकोबारे सचेत गराए । उनले भने, 'यदि यो कारोबार बन्द भयो भने बास्तवमा पीडितहरु झनै ठूलो पीडामा पर्छन् ।' उनले सर्लाहीका साहु सञ्जय रौनियारले 'मिटर ब्याज' को कारोबार नगरेको दाबी गरे ।

कार्यक्रममा राजपा नेपालका केन्द्रीय सदस्य लालबिहारी यादवले पनि सामाजिक लेनदेनको कारोबार आवश्यक रहेको औंल्याए । उनले भने, 'यदि यो कारोबारलाई बन्द गर्ने हो भने हजारौं गरिब, किसान समूदायका मान्छेहरुलाई आफ्नो सामाजिक काम (गर्जो) टार्नपनि ठूलो समस्या हुन्छ । यसले सामाजिक संरचना बिगार्छ ।'

कार्यक्रममा रौनियारबाट ऋण लिएका सेवाग्राहीहरुको पनि उपस्थिति थियो । उनीहरुले सामाजिक लेनदेनको आर्थिक कारोबार बन्द गर्न नहुनेतर्फ सरकारको ध्यानाकार्षण गराएका थिए । ऋण लिएकाहरुमध्ये सर्लाही (हरिपुर्वा नगरपालिका-बसतपुर) का आलम अन्सारी, नागेन्द्र साह, हिरा साह र ब्रम्हपुरी गाउँपालिकाका सुरज राउत र विक्रम राउत, मंलगवा नगरपालिकाका अमिरी राउतलागयतले बोलेको थिए ।

# एमसीसीबारे छिट्टै निर्णय हुन्छ : प्रवक्ता श्रेष्ठ

**म्याग्दी/मस–** नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रवक्ता नारायणकाजी श्रेष्ठले अमेरिकी सहयोगसम्बन्धी प्रस्ताव मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)बारे पार्टीले छिट्टै आवश्यक निर्णय लिने बताएका छन् । प्रेस सङ्गठन म्याग्दीले शनिबार बेनीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले नेपालको विद्युत् प्रशारणलाइन र सडक स्तरोन्नतिका लागि अमेरिकाले घोषणा गरेको सहयोग प्रस्ताव एमसीसीलाई संसद्बाट पारित गराउने विषयमा सत्तारुढ दल नेकपाभित्रै विवाद उत्पन्न भइरहेको



सन्दर्भमा राष्ट्रियहितलाई केन्द्रमा राखेर निर्णय गरिने बताएका हुन् । 'पार्टीको सचिवालय बैठकले राष्ट्रिय स्वाधीनता र विकासलाई ध्यान दिएर यथार्थपूर्वक ढङ्गबाट एमसीसी प्रस्तावबारे आवश्यक निकास निकाल्ने छ,' प्रवक्ता श्रेष्ठले भने, 'अब लामो समयसम्म एमसीसी प्रस्तावलाई के गर्ने भनेर बस्ने अवस्था रहँदैन, पार्टीको सचिवालय बैठकलाई निर्णय गर्ने निर्देशन भएको छ, अब बस्ने बैठकले यसबारे निष्कर्षमा पुऱ्याउँछ ।'

सभामुख चयनबारे देखिएको अन्यौलताले छिट्टै निकास पाउने पनि उनले जानकारी दिए । उनले वर्तमान सरकारले मुलुकमा हुँदैआएका र भएका बेतिथि तथा गलत कार्यको छानबिन गरी बास्तविकता बाहिर ल्याउने कार्य गरेको बताए ।

# एमसीसी नेपालको हितमा छ : कमल थापा

**हेटौंडा/मस–** राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को अनुदान सहायता राष्ट्र हितमा रहेको दाबी गरेका छन् ।

शनिबार आफ्नो पार्टीको भ्रातृ संगठन युनियन महासंघ नेपालको बागमती प्रदेशस्तरीय श्रमिक भेलाको उद्घाटन गर्दै अध्यक्ष थापाले अमेरिकाले नेपालकै आग्रह अनुसार एमसीसी परियोजनमार्फत् पाँच वर्षभित्र नेपालमा करिब ६० अर्ब रुपैयाँ खर्च गर्ने गरी अन्तरदेशीय प्रसारणलाइन तथा सडक स्तरोन्नति तथा अन्य संरचना निर्माणको लागि आउन लागेको बताए । उनले अनुदान रकम स्वीकार गर्नु नेपालको हितमा रहेको बताए ।

एमसीसी सम्झौता सदनबाट पास भएपछि नेपालमा कुनै पनि




किसिमको सैन्य गतिविधि नहुने स्पष्ट पार्दै अध्यक्ष थापाले देशको हित नचाहनेले यसलाई पनि अरुण तेस्रो जस्तो धरापमा पार्न खोजेको बताए ।

अध्यक्ष थापाले सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको आन्तरिक विवादको असर संघीय सदनमा देखिएको भन्दै सभामुख चयन प्रक्रिया तोकिएको समयमै अगाडि बढाउन जरुरी रहेको बताएका छन् । पार्टीको आन्तरिक विवादले सदन अबरुद्ध हुनु भनेको प्रजातान्त्रिक मूल्य र मान्यता विरुद्ध भएको बताउँदै उनले नेकपालाई सभामुख चयन प्रक्रिया अगाडि बढाएर सदन सूचारु गर्न आग्रह गरे ।

यस्तै अध्यक्ष थापाले वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार जनताको दैनिकीसँग जोडिएको समस्या समाधान गर्नुतर्फ भन्दा पनि भ्यूटावर निर्माणतर्फ केन्द्रित भएको भन्दै आलोचना समेत गरे ।

# जन्ती बोकेको ट्याक्टर दुर्घटना, दुई जनाको मृत्यु



सिरहा/मस- पूर्वपश्चिमराजमार्गअन्तर्गत सिरहाको गोलबजार नगरपालिका-७ पुरानो चोहर्वामा जन्ती बोकेको ट्र्याक्टर दुर्घटना हुँदा दुईको मृत्यु र पाँच घाइते भएका छन् । जन्ती लिएर जाँदै गरेको स १ त ६५६० नम्बरको ट्र्याक्टर शनिबार दुर्घटना हुँदा ट्र्याक्टरमा सवार सिरहाको लहान नगरपालिका-१३ निवासी २१ वर्षीय सन्तोषकुमार यादव र धनगढी नगरपालिका-१२ निवासी २२ वर्षीय श्रीप्रसाद मण्डलको मृत्यु भएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रहरी निरीक्षक जनक पुरीले जानकारी दिए ।

ती दुवैलाई उपचारको लागि लहानस्थित अस्पताल ल्याउँदै गरेको अवस्थामा बाटोमै मृत्यु भएको उनले जानकारी दिए । मृतक दुवैको शव लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा राखिएको र घाइतेका स्थानीय क्लिनिकमा उपचार भइरहेको प्रहरीले जनाएको छ । बाख्रालाई जोगाउने क्रममा ट्र्याक्टर अचानक अनियन्त्रित भई दुर्घटनामा परेको स्थानीयवासीले बताएका छन् ।

# ज्येष्ठ नागरिकलाई कम्बल वितरण

जुम्ला/मस- निरन्तर हिमपातका कारण अत्यधिक चिसो बढ्न थालेपछि जुम्लाको तिला गाउँपालिकाले ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरेको छ । गाउँपालिकाभित्र रहेका ७० वर्ष नाघेका झण्डै ४४४ जना ज्येष्ठ नागरिकलाई कम्बल वितरण गरेको हो ।



तिला गाउँपालिका-२ का ज्येष्ठ नागरिकलाई गाउँपालिकाको कार्यालयमै बोलाएर कम्बल बाँडेको तिला गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगबहादुर बस्नेतले जानकारी दिए । उनले भने, 'हिमपातसँगै बढेको चिसोले यहाँका ज्येष्ठ नागरिक निकै प्रभावित छन् । सानै भए पनि न्यानो प्रदान गर्न कम्बल बाँडेका हौं ।'

सडक छेउछाउमा रहेका बस्ती र दुर्गम क्षेत्रका वडामा सम्बन्धित वडा कार्यालयले कम्बल बाँड्दैछन् । अत्यधिक चिसो भइरहेको बेला गाउँपालिकाले कम्बल वितरण गरेकोमा ज्येष्ठ नागरिक निकै खुशी भएका छन् । उनीहरुले पछिल्लो समयमा स्थानीय सरकारले गरेकोसम्म निकै खुशी भएका छन् ।

गाउँपालिका उपाध्यक्ष विष्णु बुढाले दूरदराजको बस्तीमा गाउँमै पुगेर कम्बल बाँड्ने योजना रहेको बताए । पहिलो दिनमा वडा नम्बर २ का ४९ ज्येष्ठ नागरिकलाई कम्बल बाँडिएको हो । यो कम्बल जुम्लासम्म आइपुग्न भ्याटसहित रु ६५० मूल्य परेको छ । ज्येष्ठ नागरिकका लागि गाउँपालिकाले रु तीन लाख विनियोजन गरेको थियो । चिसो मौसमलाई मध्यनजर गर्दै कम्बल वितरण गरेकोप्रति स्थानीयवासी निकै खुशी छन् ।

## न्याय....

भएको छ । तत्कालीन विद्रोही माओवादी र सरकारी पक्षबाट भएको घटनाको सत्यतथ्य छानबिन गर्ने जिम्मेवारी आयोगलाई दिइएको छ । तीन महिना दिइएको समयमा ५२ हजार १६ उजुरी दर्ता भएको थियो । बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगमा ३११४ तथ्याङ्क दर्ता छ । तर, आयोगमा तीन हजार ९३ उजुरी दर्ता भएको छ ।

## बल्ल...

भएको दाबी गरे ।

नेपालमा पहिलो पटक २०२३ मा सिंहदरबार र राजदरबारको दक्षिणी गेट, सुन्धारा, न्युरोड गेटमा ट्राफिक लाइट जडान गरिएको थियो । त्यसपछि २०५७ सालमा जापान सरकारको सहयोगमा काठमाडौंका २४ ठाउँमा ट्राफिक लाइट जडान गरिएको थियो । तर, बिग्रिएपछि २०६८ सालदेखि त्यत्तिकै थन्किएका थिए । ट्राफिक लाइट नबल्दा काठमाडौं उपत्यकामा ट्राफिक प्रहरीले सवारी व्यवस्थापन गर्दै आएको थियो ।

उपत्यकाको ट्राफिक व्यवस्थापन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि धमाधम ट्राफिक लाइट जडान गरिएको हो । एउटा लाइट बनाउन कम्तीमा ४ लाख रुपयाँ खर्च गरेको सडक विभागले जनाएको छ । अबको केही दिनमै मित्रपार्क, कालिमाटी, टङ्केश्वर, परोपकार र पुल्चोकमा ट्राफिक लाइट सञ्चालन ल्याइने एसएसपी ढकालले जानकारी दिए ।

मर्मत सम्भारपछि अहिले पुतलीसडक, पद्मोदय मोड, सिंहदरबार, गौशाला, पुरानो बानेश्वर, नयाँ बानेश्वर, तीनकुने (बानेश्वरतर्फ र एयरपोर्ट दुवैतर्फ), मुनिभैरव, महापालचोक, ठिमी चोकका ट्राफिक लाइटले काम गरिरहेका छन् ।

तर, अझै बाँकी

ट्राफिक प्रहरी महाशाखाका अनुसार काठमाडौं उपत्यकाका १०८ स्थानमा ट्राफिक लाइट राख्नुपर्ने हुन्छ । पहिलो चरणमा ३६ स्थानमा आवश्यक रहेको महाशाखाले जनाएको छ । यस्तै दोस्रो चरणमा ३२ स्थान र तेस्रो चरणमा ४० ठाउँमा राख्नुपर्ने हुन्छ ।

सोह्रखुट्टे, लैनचौर, केशरमहल, वीरअस्पताल, सुन्धारा, चाइना टाउन गेट, त्रिपुरेश्वर, नारायणहिटी दक्षिण गेट, दरबारमार्ग, त्रिचन्द्र कलेज अगाडि, रत्नपार्क, पुरानो बसपार्क, भद्रकाली, जय नेपाल चोक, कमलपोखरी, काठमाडौं प्लाजा, कमलादी, बागबजार, शंकरदेव कलेज अगाडि, पद्मोदय मोड, अनामनगर चोकमा तत्काल ट्राफिक लाइट आवश्यक देखिएको महानगरीय ट्राफिक महाशाखाका प्रवक्ता जीवन कुमार श्रेष्ठले जानकारी दिए ।

यस्तै सिंहदरबार, माइतीघर चोक, थापाथाली चोक, सडक विभाग बबरमहल, नयाँ बानेश्वर चोक, सिभिल अस्पताल मिनभवन, तीनकुने चोक, लैनचौर दक्षिण, शीतल निवास, कान्ती अस्पताल, निर्मल निवास, गोल्खुपाखा, कानदेवता कुपन्डोल, सहिद शुक्रपार्क हिमालयन होटल अगाडि, पुल्चोक र जावलाखेलमा दोस्रो चरणमा राख्नुपर्ने प्रवक्ता श्रेष्ठले बताए ।

यात्रुलाई समेत सहजताः

सवारीको चाप बढी हुने चोकहरूका ट्राफिक लाइट सञ्चालनमा आएसँगै पैदलयात्रुलाई पनि सहजता भएको छ । ट्राफिक लाइटले पैदल यात्रीलाई बाटो काट्न संकेत गरेपछि नयाँ बानेश्वर चोकमा सडक पार गरेका आशिष महर्जनले खुशी व्यक्त गरे ।

मर्मत सम्भार गरिएका ट्राफिक पुनः बिग्रिपछि कति वर्ष थन्किएर बस्ने हुन भन्नेमा महर्जनको चिन्ता थियो । '९ वर्षपछि पुनः सञ्चालनमा आइरहेका छन् । फेरि बिग्रियो भने कति वर्ष थन्किने हुन् ।' चिन्ता व्यक्त गर्दै उनले भने ।

## नेपाल...

रहेमा मलेसियाको प्लान्टेशन वर्कर, सबै प्रकारका प्रशोधन कामदार, ट्रान्सपोर्ट सेक्टरका चालक तथा मल उद्योगमा असर पर्ने भन्दै त्यसको अप्रत्यक्ष असरले मलेसियाको सबै क्षेत्रलाई लपेट्ने आँकलन गरिएको छ ।

भारतीय प्रतिबन्धले अघोषित व्यापार युद्ध र आर्थिक प्रतिबन्ध लगाएको भन्दै मलेसियन ट्रेड युनियन काँग्रेसका महासचिव जे सोलोमनले कूटनीतिक ईगो तत्काल अन्त्य गर्नुपर्ने समेत माग गरेका छन् ।

भारतीय कदमले नेपाललाई दुई पक्षबाट घाटा हुने देखिएको छ । मलेसियाको प्लान्टेशन उद्योग प्रभावित हुँदा प्रत्यक्ष रुपमा नेपाल आउने रेमिट्यान्स प्रभावित हुने छ भने नेपालको भारतसँगको निर्यात व्यापार प्रभावित भई अर्थतन्त्रमा पनि गम्भीर असर देखिएको छ ।

नेपालले मलेसिया र इण्डोनेशियाबाट कच्चा पदार्थ आयत प्रशोधन गरी ३० प्रतिशत मुल्य अभिबृद्धि गरेर भारतमा यस्तो तेल निकासी गर्दै आएको थियो । आफ्नो उत्पादन नभएता पनि प्रशोधित पाम आयललाई नेपालले प्रमुख निर्यात योग्य वस्तु बनाउन थालेको थियो । तर भारतको प्रतिबन्धले मलेसिया सहित नेपाललाई असर पुऱ्याउने देखिएको छ ।

# १ करोड चोरीको घटनामा कांग्रेस नेता पक्राउ

**काठमाडौं/मस–** १ करोड ३ लाख चारीको घटनामा नेपाली कांग्रेस निकट दलित संघका केन्द्रीय सदस्य समेतको संलग्नता घेटिएको छ । भारतको नयाँदिल्लीबाट चोरी गरी ल्याएको १ करोड ३ लाख रुपैयाँ पुस २९ गते कैलाली प्रहरीले बरामद गरेको थियो ।

प्रहरी स्रोतका अनुसार शनिबार उक्त घटनामा संलग्न भएको आंशकामा दलित संघका केन्द्रीय सदस्य पदम नेपाली पक्राउ परेको छन् । तर, दलित संघको केन्द्रीय अध्यक्ष मिनबहादुर विश्वकर्माले भने नेपाली केन्द्रीय सदस्य नरहेको बताए ।

यसअघि सोही घटनामा बाजुरा बूढीगङ्गा नगरपालिका-१, डुङ्ग्रीका २९ वर्षीय जहरसिंह थापा, २८ वर्षीया मनाकुमारी खड्का र ३२ वर्षीया विन्दाकुमारी थापालाई प्रहरीले पक्राउ गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय, कैलालीका डीएसपी दक्षकुमार बस्नेतका अनुसार जहरसिंह र मनाकुमारी भारतमै रोजगारी गर्दै आएका थिए ।

मंसिर ४ गते नयाँदिल्लीस्थित विशाल अग्रवालको घरबाट उनीहरूले उक्त रकम चोरी गरेर फरार भएको प्रहरी अनुसन्धानमा खुल्न आएको डीएसपी बस्नेतले बताए । चोरी भएको रकमबारे भारतीय राजदूतमार्फत नेपाल प्रहरीलाई पत्रमार्फत जानकारी गराइएको थियो ।

सोही आधारमा कैलालीको गौरीगंगा नगरपालिकामा रहेको विन्दाकै घरभित्र खाल्डो खनेर टिनको बाकस गाडिएको अवस्थामा रकम फेला परेको हो । उनीहरुमाथि जिल्ला अदालतबाट म्याद थप गरेर आवश्यक अनुसन्धान गरिने प्रहरीले जनाएको छ ।

# श्रीमती बलात्कार गर्ने पक्राउ

**कैलाली/मस–** श्रीमतीलाई बलातकार गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्रान पर्नेमा धनगढी उपमहानगरपालिका-२ भन्सार रोडमा व्यवसाय गर्दै आएका दिनेश गुप्ता रहेका छन् ।

गुप्ताकी श्रीमतीले दिएको जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरिक्षक दक्षकुमार बस्नेतले जानकारी दिए । गुप्ताकी श्रीमतीले जबरजस्ती करणी गरेको भन्दै प्रहरीमा बलात्कारको उजुरी दिएकी थिइन् । मुलुकी अपराध ऐन २०७४ ले श्रीमतीको इच्छा विपरित यौन सम्पर्क राखे वैवाहिक बलात्कार मानिने प्रावधान छ । वैवाहिक बलात्कारमा पाँच वर्षसम्म जेल सजाय हुने व्यवस्था गरिएको छ ।

# साँझ परेपछि राजधानीमा पाइँदैनन् सार्वजनिक साधन

**पूर्णप्रसाद मिश्र/रासस**
काठमाडौं, ४ माघ



सपनाको शहर काठमाडौँमा पाँच बजेदेखि नै सवारी पाउन मुस्किल हुने अधिकांश यात्रुको गुनासो छ। सार्वजनिक यातायातमा एकाधिकार (सिण्डीकेट) हट्यो भनिए पनि व्यवहारमा यस्तो देखिँदैन। शुक्रबार बेलुकी दुई घण्टा सवारी कुर्दा नपाएपछि भक्तपुर दुवाकोटका रामप्रसाद न्यौपाने घर जान पाएनन् ।

निजी व्यापारिक प्रतिष्ठानमा बेलुकी पाँच बजेसम्म काम गरेर पुरानो बसपार्क पुगेका न्यौपानेजस्ता हजारौँ राजधानीवासी बेलुकी समस्यामा पर्ने गरेका छन् । एकाधिकार हट्यो भनिएपनि झन सवारी पाउन मुश्किल भएको गुनासो उनीहरुको छ। पानी परेका दिन, बिदाका दिन, राजधानीमा विशिष्ट व्यक्तिको सवारी परेका दिन प्रायः बेलुकी राजधानीमा सवारी पाउन समस्या पर्छ। पहिले बेलुकी निश्चित मार्गका सवारी निश्चित समयसम्म पाइन्थ्यो ।

यातायात समिति क्रियाशील रहुञ्जेल बेलुकी साँढे सात बजेसम्म पाइने साँखुमा चल्ने सवारी आजभोलि नियमित छैन । कहिले त पाँच बजेपछि साँखु जाने सवारी नपाइने गरेको यात्रु शुक्रमाया श्रेष्ठले बताइन् । साँखुमा पुरानो साँखु बस व्यवसायी संघको एकाधिकार तोडिएपछि हाल बाबा गोकर्णेश्वर नामका यातायात सञ्चालनमा रहेका छन् । यसैगरी राजधानीका आलापोट, गागलफेदी, मूलपानी, सुन्दरीजल, ललितपुर र भक्तपुरका काठ क्षेत्रमा जाने सवारी पनि पाउन मुस्किल हुने गरेको छ।

दक्षिणकाली, बनेपा, धुलिखेल, पनौतीलगायत स्थान जाने सवारी बेलुका आठ बजेसम्म नै नियमित गुडिरहेका हुन्छन् । सरकारले विसं २०६८ मा रात्रि बस सेवा शुरु गरेको थियो । तर त्यो पनि नियमित हुन सकेन । स्थानीय तहमा आफ्नो क्षेत्रमा सार्वजनिक यातायातको व्यवस्थापन गर्न सक्ने अधिकार रहेको छ। तर हालसम्म धेरैले केही गरेका छैनन् ।

नेपाल भ्रमण वर्ष शुरु भएको छ। राजधानीकै पर्यटकीय गन्तव्यमा जाने सार्वजनिक यातायात थोत्रा छन् । पानी परेका बेला बसभित्रै पानी छिरेर बस्न नसकिने अवस्थाका सवारी पनि निर्वाध सडकमा गुडिरहेका छन् । कति सवारीमा फुटेका सिसासमेत देख्न सकिन्छ । यसतर्फ अनुगमन भएको देखिदैन ।

रत्नपार्कबाट सुन्दरीजल मार्गमा चल्ने बा ३ ख १३१७ र बा ३ ख १७७ नं सिटी यातायातको सवारीमा पाँच महिनाभन्दा लामो समयदेखि झ्यालको सिसा नरहेको यात्रु रामचन्द्र खतिवडाको गुनासो छ। पुस र माघको चिसोमा सिसा नभएको सवारीमा यात्रा गर्नुपर्दा ठण्डीले बिरामी भएर तीन दिनसम्म घरमा आराम गर्नुपरेको उनले सुनाए ।

काठमाडौँ महानगरपालिकाले साझा यातायातसँगको सहकार्यमा केही ठूला बस किनेपनि पर्याप्त छैन । यसैगरी दक्षिणकाली र चन्द्रागिरि नगरपालिकाले सार्वजनिक यातायातमा केही लगानी गरेका छन्। नगरपालिकाले ध्यान दिएका स्थानमा सहज रुपमा सवारी पाउने गरेको यात्रुले जनाएका छन् ।

यातायात व्यवस्था विभागले पहिले सवारी नपाउँदा, बढी भाडा लिँदा, अथवा सार्वजनिक यातायातसम्बन्धी समस्या भएमा सूचना दिन भनी टेलिफोन नं. सार्वजनिक गर्ने गरेको थियो। हाल बन्द गरिँदा गुनासो राख्ने ठाउँ नभेटिएको यात्रु शशीकला राईले बताए ।

'हाल ट्राफिक प्रहरीको १०३, नेपाल प्रहरीको १०० नं. मा फोन गरेर सार्वजनिक यातायातका समस्या राखेपनि कुनै कारवाही हुँदैन, गल्ती गर्ने सवारी एउटालाई कारवाही अरु समस्या क्रमशः कम हुँदै जान्छ, तर किन हाल प्रहरीले कारवाही गर्न छोडेको छ,' उनले भने ।

महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथका प्रवक्ता जीवनकुमार श्रेष्ठ सार्वजनकि यातायातसम्बन्धी गुनासा आउने वित्तिकै समाधान गर्ने गरेको बताउँछन्। महाशाखामा बढी भाडा लिएको, गन्तव्यमा नपुऱ्याएको, सामान छुटेको लगायतका गुनासा धेरै आउने गरेको छ ।

हेलो सरकारमा पनि सार्वजनिक यातायातका गुनासो आउने गरेको टिपोट कर्ता रामहरि न्यौपाने बताउँछन् । बेलुकी उपत्यकाका काठ क्षेत्रमा जाने सवारी पाउन मुस्किल हुने गरेको गुनासो धेरै आउने गरेको उनले बताए। विभागका सूचना अधिकारी तीर्थराज खनालसँग यस विषयमा प्रतिक्रियाका लागि पटकपटक सम्पर्क गर्दा पनि उनी सम्पर्कमा आउन चाहेनन् ।

# सामुदायिक विद्यालयलाई सबलीकरण गर्नुपर्छ : शिक्षामन्त्री पोखरेल

**महोत्तरी/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले सामुदायिक विद्यालयलाई सबलीकरण गर्न हरेक पक्षको सकारात्मक भूमिका आवश्यक रहेको बताएका छन्। महोत्तरीको गौशाला नगरपालिकाले शनिबार आयोजना गरेको 'सामुदायिक विद्यालय सुधार' विषयक सम्मेलनलाई सम्बोधन गर्दै उनले शिक्षालाई अब सीपसँग जोडेर त्यसको एकीकृत विकासका लागि सकारात्मक भूमिका निर्वाह गर्न सबैमा आग्रह गरे ।



मन्त्री पोखरेलले वर्तमान परिवेशमा प्रमाणपत्रमा सीमित रहँदै आएको सामुदायिक विद्यालयको शिक्षालाई अब विकाससँग गाँसेर अभिभावकलाई पनि शिक्षित पार्दै विश्वस्तरको बजारमा बिकाउ हुने किसिमको वैज्ञानिक एवम् प्राविधिक शिक्षा दिनुपर्ने बताए । यस्ता सम्मेलन देशका ७५३ वटै पालिकामा गर्ने बताउँदै उनले सम्मेलनबाट आएका सुझावलाई मनन गरी त्यही अनुरुप शिक्षा प्रणालीको विकास गर्न सक्यौं भने मात्र मुलुक सुखी र समृद्ध हुने विश्वास व्यक्त गरे ।

अर्को प्रसंगमा मन्त्री पोखरेलले शिक्षकले देशको विभिन्न कालखण्डमा परिवर्तनको पथमा अहम् भूमिका निर्वाह गर्दै आएकाले शिक्षकलाई राजनीतिभन्दा टाढा राख्न नहुने तर्क गरे । जिल्ला शिक्षा तथा समन्वय इकाइ समितिका प्रमुख शत्रुध्नप्रसाद यादवले विद्यालयको शिक्षामा सुधार भएमात्र देशमा समृद्धि हासिल हुने बताए ।

प्रदेशसभा सदस्य भरतप्रसाद साहले विश्व डिजिटलको युगमा लम्किँदै आएकाले समयमा मधेशको शिक्षालाई पनि आधुनिक प्रविधिमैत्री बनाई अगाडि बढ्नुको विकल्प नभएको धारणा व्यक्त गरे ।

# प्रधानसेनापति थापाको कार्यकालको पहिलो भूपू सम्मेलन घोराहीबाट

**नारायण न्यौपाने/रासस**
काठमाडौं, ४ माघ

प्रधानसेनापति पूर्णचन्द्र थापाको कार्यकालको पहिलो भूतपूर्व सैनिक सम्मेलन यही माघ १२ गते दाङको घोराहीबाट शुरु हुँदैछ । प्रत्येक प्रधानसेनापतिले आफ्नो कार्यकालमा सैनिक जीवनबाट अवकाश प्राप्त भूतपूर्व सैनिक सम्मेलन क्षेत्रगत रुपमा एकपटक गर्दै आएका छन् । रुकुम, सल्यान, दाङ, प्यूठान र रोल्पा जिल्लामा स्थायी बसोबास गर्ने भूपूलाई लक्षित गरी माघ १२ गते घोराही ब्यारेक दाङमा यो शृंखलाको पहिलो भूपू सम्मेलन हुँदैछ ।

उक्त सम्मेलनका क्रममा भूपूलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, सहभागीलाई दैनिक भ्रमणभत्ता, लघुवित्त कार्यक्रमका ऋणीलाई चेक हस्तान्तरण, सर्वोत्कृष्ट र उत्कृष्ट व्यवसायीलाई पुरस्कार, ज्येष्ठ सैनिक र एकलको सम्मान एवं अशक्तलाई ह्विल चियर प्रदान गर्ने कार्यक्रम रहेको नेपाली सेनाले जानकारी दिएको छ ।

सम्मेलनमा सैनिक नेतृत्वसँग भूपूले आफूलाई परेको पीरमर्का सुनाउने र नेतृत्वले त्यसलाई सम्बोधन गर्न आवश्यक पहल गर्ने विषयमा छलफल हुनेछ। यसखाले सम्मेलनलाई भूपूसैनिकले आफ्ना सहपाठी पल्टनियासँगको अभूतपूर्व जमघटका रुपमा लिने गर्दछन् ।

सम्मेलनको मुख्य समारोहस्थलमा उमेरले आठ दशक पार गरेका भूपूले निकै जोस र जाँगरका साथ पिटी परेड प्रस्तुत गर्नेछन् । नेपाली सेनाको व्यवस्थापन र कल्याणकारी बोर्डको संयोकत्वमा मुलुकका सातै प्रदेशमा यसखाले सम्मेलन हुनेछ । सम्मेलनका क्रममा भूपू र तिनका आश्रित परिवार एवम् एकल महिलाको क्षेत्रगतरुपमा ठूलो संख्यामा उपस्थित रहनेछ ।

विगतमा द्वन्द्वका कारण १५ वर्षसम्म स्थगन भएको भूतपूर्वसैनिक सम्मेलन २०७० साल माघबाट पुनः आरम्भ गरिएको थियो। मुलुकको प्रमुख सुरक्षा अंग नेपाली सेनामा जीवनको महत्वपूर्ण क्षण बिताएका भूपूको संख्या ७० हजार छ । नेपाली सेनाको कल्याणकारी बोर्डको संयोजनमा भूपू सम्मेलन हुँदै आएको छ ।

नेपाल इन्भेस्टमेन्ट बैंकले लघुवित्त कार्यक्रममार्फत सहुलियत ब्याजदरमा नेपाली सेनाको संयोजनमा भूपूलाई सहुलियत ब्याजमा कर्जा उपलब्ध गराउँदै आएको छ । उक्त कर्जा लिएर लघुवित्त कार्यक्रम सञ्चालन गर्ने भूपू र आश्रित परिवारको सङ्ख्या १० हजार पुगिसकेको छ ।

प्रदेश नं ५ मा घोराहीपछि भूपूसैनिक सम्मेलन फागुन १४ गते बुटवल र फागुन १५ गते नेपालगञ्जमा हुनेछ । यस्तै माघ १३ गते कर्णाली प्रदेशको सुर्खेत र २४ गते सुदूरपश्चिम प्रदेशको धनगढीमा सम्मेलन हुनेछ। यसैगरी गण्डकी प्रदेशमा आगामी चैत १७ गते तनहुँको खैरेनीटार र १८ गते पोखरामा हुने नेपाली सेनाले जनाएको छ ।

# कतारमा ८ जना नेपाली कामदारले पाए इनाम

**शिवराज गौतम/मध्यान्ह**
कतार ४, माघ



आइओएस प्राप्त कतारको एक प्रतिष्ठित कम्पनी नासर अल अली इन्टरप्राइजेजमा कार्यरत आठ जना नेपाली कामदारलाई कम्पनी मालिक आसर अल अलीले जनही १५ हजार रियालको दरले एक लाख बीस हजार रियाल इनाम स्वरुप प्रदान गरेका छन् । जनही १५ हजार रियल नगद इनाम पाउने नेपालीहरुमा इलामका पोष्टबहादुर गुरुङ, हरी माधव प्रसाद मण्डल, कृष्णराज शर्मा, पाल्पाका बलबहादुर चाहारे, रामु सादा, अर्घाखाँचीका हरीबहादुर घर्ती मगर, रुपन्देहीका धनबहादुर गुरुङ र अर्घाखाँचीका गुणखर नेपाली छन् ।

२००८ मा कार्पेन्टरमा आएका इलामका पोष्टबहादुर गुरुङ स्काफोल्डीङ तालिम लिइसकेपछि अहिले सोही कम्पनीमा दक्ष स्काफोल्डर भइसकेका छन् । आफुले मेहनतको साथ आर्जन गरेको रकमले उनले शहरमा घरबार समेत जोडीसकेका छन् ।

अर्को २००८ मा मेसनमा आएका सप्तरीका हरी माधवप्रसाद मण्डल सोही कम्पनीमा अहिले सबै प्रकारको ट्रेडको काम गर्न सक्ने भइसकेका छन् । कृष्णराज शर्मा २००९ मा सोही कम्पनीमा आएका थिए । मेसनमा आएका शर्मा अहिले सबै प्रकारको ट्रेडको काम गर्न सक्छन्। उनले पनि सोही कम्पनीमा काम गरेर नै आफ्नो परिवारको लागि राम्रो आर्थिक स्रोत जोहो गरिसकेका छन् ।

हेल्परमा आएका पाल्पाका बलबहादुर चाहारे अहिले सिभिल फोरमेनमा पदोन्नती भइसकेका छन् । रामु सादा २००८ मा सो कम्पनीमा आएका थिए । उनले घरजग्गा जोड्नुका साथै आफ्नो आर्थिक स्रोतमा सुधार गर्न सफल भएका छन् भने अब आफुले पाएको सो इनामको रकमले जग्गा जोड्ने बताए ।

२००८ मै आएका अर्घाखाँचीका हरिबहादुर घर्ती मगर पनि अहिले पदोन्नती भएर सोही कम्पनीमा सिभिल फोरमेन भइसकेका छन्। २००९ मा आएका रुपन्देहीका धनबहादुर गुरुङ अहिले सोही कम्पनीमा दक्ष कामदार भइसकेका छन् उनी ट्रेडको जस्तोसुकै काम पनि गर्न खप्पीस भइसकेका छन् ।

अर्घाखाँचीबाट २००८ मा कतार आएका गुणखर नेपालीले पनि सोही कम्पनीमा काम गरेर आर्थिक सुधार गरिसकेका छन् भने उनी राम्रो काम गरेवापत् अहिले सोही कम्पनीमा सिभिल फोरमेन समेत भइसकेका छन् ।

कम्पनीले दिने तलव पनि आकर्षक नै भएको बताउने जनही १५ हजार इनामका भागीदारहरु भन्छन्, 'मालिक नासर अल अली असाध्यै सहयोगी हृदयको हुनुहुन्छ, उहाँले कामदारहरु सबैसँग मालिक जस्तो व्यवहार नगरेर अविभावकको व्यवहार गर्ने भएकोले सबै कामदार हरुका लागी उहाँ मालिक नभएर अविभावक हुनुहुन्छ । यस्तो राम्रो कम्पनीमा काम गर्न पाउनु हाम्रो अहोभाग्य हो ।'

आफ्नो घर परिवारमा आर्थिक समस्या परेको बेलामा समेत आर्थिक सहयोग उपलब्ध गराएर समस्या टारिदिने गरेका कम्पनी मालिक नासर अल अलीले कामदारहरुलाई कहिले नहप्काउने र सबैलाई मित्रवत् व्यवहार गर्ने गरेको समेत ती आठजना नेपाली कामदारले बताए ।

आफ्नो कार्यालयको ढोका कामदारहरुका लागि सधै खुला रहेको र आफना कामदारहरुलाई कुनैपनि समस्या भए सिधै कार्यालयमा आएर आफ्नो समस्या बताउन सक्ने बताउँदै कम्पनी मालिक नासर अल अलीले आफुले मालिकको भन्दा पनि अविभावकको रुपमा व्यवहार गर्ने गरेको हुनाले कामदारहरुको कुनै समस्या भए अविभावकको रुपमै आफु समाधान गर्न सघाउने गरेको बताए ।

यसैगरी १० जना अन्य इमान्दार कामदारहरु मोहम्मद कविरुल इस्लाम, गुमाना राम विरमा राम, सोरीफुल मोहम्मद पन्जाव, मोहम्मद फिरोज फकिर, मोहम्मद जोनांगीर, मोहम्मद सामिनुल इस्लाम, सासुल रोवियुल, नासिर उद्दीन, मोहम्मद मोलाक मिया र किरण मियालाई समेत कम्पनी मालिक नासर अल अलीले जनही १ हजार रियल इनाम प्रदान गरेका थिए ।

कम्पनी मालिक नासर अल अलीले ५ जना कामदारहरुलाई पनि इमान्दारीपुर्वक काम गरेवापत् ५/५ ग्रामको सुनको सिक्का पुरस्कार स्वरुप प्रदान गरेका थिए। समय समयमा आफ्नो कम्पनीमा कार्यरत कामदारहरुलाई प्रोत्साहन स्वरुप सुनको सिक्का, नगद इनाम, प्रमाणपत्र लगायत पुरस्कार स्वरुप दिएर कम्पनी मालिक नासर अल अलीले आफ्ना कम्पनीको कामदार हरुको हौसला र मनोवल बढाउँदै आइरहेका छन् ।


तालिमको सुवर्ण अवसर

Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।

हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori

तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।

HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com



होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।




HK
Cleaners/House Keeping/ Laundry man, Room boy

KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook

F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.

FRONT DESK, RECEPTION

रोजगारी पनि भविष्य पनि
- स्वदेशमै होस कि विदेशमा
- स्वरोजगार वा वैदेशिक रोजगार
- तपाईं सीप सिक्नुहोस्
- अवसर र उपाय हामी खोजी दिन्छौं ।

NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108429
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# मधेशमा भुलिएको मुद्दा

केही दिन पछि नेपाल सरकार दिवस सप्ताह मनाउन शुरू गर्दैछ । सरकारी बन्दोबस्तमा सप्ताहकै रूपमा मनाइने यो दिवसको तयारी शुरू भइसकेको छ । व्यवस्था परिवर्तनका लागि पटक-पटक भएको विद्रोहमा हजारौं बीरबीरंगनाले प्राणको आहूती दिए पनि सरकारले माघ १६ गतेलाई शहीद दिवस मनाउने गरेको छ । राणा शासनको कालरात्रि तोड्न प्राणको आहुती दिएका चार शहीदको सम्झनामा यो दिवस मनाइन्छ । तर, पञ्चायत शासन अन्त्य गर्नका लागि प्राण त्याग गर्नेहरूका लागि छुट्टै शहीद सप्ताह मनाइदैन भने त्यस यताका हजारौं शहीदहरूको राम्रोसँग लेखाजोखा समेत गरिएको छैन ।

राजतन्त्र अन्त्य गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ भएका माओवादी विद्रोहकालीन शहीदहरूबारे राष्ट्रिय सहमति समेत देखिदैन । शहीदको परिभाषामै गणतान्त्रिक सरकार प्रष्ट छैन । गृह मन्त्रालयसँग आधिकारिक तथ्याङ्क छैन । छुट्टै दल गठन गर्ने र उनको विद्रोहमा हुने आहूतीलाई अर्का दलले शहीद नमान्ने प्रवृत्ति विद्यमान छ । तसर्थ पनि नेपाल सरकार शहीदबारे अन्योलमा छ । तर, भुल्न नहुने तथ्य के हो भने प्रत्येक विद्रोहले सानो ठूलो परिवर्तन ल्याएको छ । मधेश विद्रोहले देशमा संघीयता सुनिश्चित गर्न ठूलो योगदान दिएको छ ।

तर, मधेश विद्रोहको यो तेह्र वर्षमा स्वयम् विद्रोहको नेतृत्व गर्ने दल समेत यसप्रति गम्भीर देखिदैनन् । एक महीना अगाडि मात्रै उपेन्द्र यादवले सरकार छोडेका छन् । यिनै यादवको नेतृत्वमा २०६४ माघ पहिलो साता मधेश विद्रोहको उद्घोष भएको थियो, त्यही उद्घोष पछि सडकमा उत्रिएका मधेशका सयौं सन्तानले प्राणको आहूती दिएका छन् । तर, प्राणको आहूती दिनेको परिवारले न्यायको अनुभूति गर्न सकेका छैनन् । मधेश केन्द्रित राजनीति गर्ने दलहरूले शहीदका परिवारलाई ५० लाख दिने घोषणा नै गरेका थिए । तर, आफैं सरकारमा रहँदा र सरकारलाई समर्थन जनाइरहँदा यसप्रति चासो समेत देखाएको पाइएन ।

प्रदेश नम्बर दुईमा तिनै मधेश केन्द्रीत दलहरूको गठबन्धन सरकार छ । तर, ५० लाखको उद्घोष गर्ने दलकै सरकार हुँदा पनि शहीदबारे प्रष्ट परिभाषा र प्रबन्ध मिलाउन सकेको छैन । मुख्य कुरा शहीदको सपना हो । व्यवस्था परिवर्तन, सामाजिक न्याय र स्तरीय जीवनको सपना देखेर प्राणको आहूती दिएका हरूप्रतिको अचम्मको वेवास्ताले विद्यमान व्यवस्था माथि प्रश्न उठाउँछ । शहीद, तिनको परिवार र प्राण त्याग्नु अगाडि देखाइएको सपनाप्रति बेवास्ता गर्दा प्राप्त उपलब्धी संस्थागत हुनेमा समेत प्रश्न खडा हुन सक्छ ।

## सामाजिक सञ्जाल



छोराछोरीलाई हजुर, तपाईं, राजा, मैसाप जस्ता शब्द सँग मात्र परिचित नबनाउनुस्, तँ तँ र म जस्ता शब्द र प्रब्रिती पनि हुन्छन् हाम्रा समाजमा, घर बाहिरको दुनियाँ राम्रो नि छ नराम्रो नि छ, दुबै सहन सक्ने आत त बनाउनै पर्छ : अब बुझियो नि म किन टिनेजर विद्यार्थीलाई प्राय 'तँ' नै सम्बोधन गर्छु ?

**- निर्मला ढकाल**



डाक्टर नभएको भए, कलाकार नभएको भए, त्यो जाती नभएको भए....'कृषक' हुन्थे भनेर कृषिकर्मलाइ नै गिज्याए झै लाग्छ । तपाइ जेसकुै हुनुस्, कृषिकर्म अहिले पनि गर्न सकिन्छ, कृषक अहिले पनि हुन सकिन्छ ।

**- महेश श्रेष्ठ**



राजनीतिमा आफ्ना प्रतिपक्षीहरूलाई, विरोधीहरूलाई कमै प्रसंसा गरिन्छ । त्यो राजनैतिक कुरो नै हो । तर विरोधी वा प्रतिपक्षीहरूलाई कसरी विरोध वा गाली गरिन्छ भन्ने कुराले कुनै पनि नेताको संस्कार, औकात, क्षमता र राजनीतिक चरित्र अभिव्यक्त हुने गर्दछ । बाँकि त पब्लिक सब जानते है ।

**- सुरेश ढकाल**



'म डिआईजिको भाइ हुँ के खोज्या ?' भनेर टाठो बोल्ने एकजनालाई चेक सेक नगरि भित्र पठाएको पनि केही महिनाअघि यिनै आँखाले देख्या हो । कानून र नीति नियम सवैलाई बराबर लागोस् ।

**- हरी दाइ**

## लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# दीर्घकालीन लगानी अभिवृद्धिमा कर्जा



■ गुणराज भट्ट

> उच्च लगानी आवश्यक पर्ने र कर्जाको माग समेत अधिक भएको जलविद्युत् क्षेत्रमा पनि ३ प्रतिशत मात्र कर्जा लगानीमा रहेको छ । पर्यटन र जलविद्युत्मा प्रवाहित कर्जाभन्दा रियलइस्टेट क्षेत्रमा गएको कर्जा बढिरहेको छ । देशकै धरोहर मानिएको र अनगिन्ति सम्भावना भएको कृषिक्षेत्रमा भने ५ प्रतिशतको हाराहारीमा कर्जा प्रवाह भएको छ ।

पछिल्लो समय बैंकको लगानीयोग्य रकम अभाव भएको र तरलता अभाव चर्कंदै गएको विषयले आर्थिक मिडियामा राम्रै स्थान पाएको देख्न सकिन्छ । उद्योगी-व्यापारीहरू विभिन्न सरकारी निकायदेखि प्रधानमन्त्रीसम्मै पुगेर बैंक कर्जामा अलि कमी आउनासाथ आर्थिक वृद्धिलाई नराम्रो धक्का लाग्ने बताइरहेका बेला नेपालको आर्थिक वृद्धि, लगानी र बैंक कर्जाका विषयमा यो लेखमा तथ्यपरक विश्लेषण गरिएको छ ।

उच्च आर्थिक वृद्धिका लागि स्वदेशमै उत्पादन बढ्नुपर्छ । स्वदेशमा उत्पादन बढाउन विभिन्न उत्पादनका साधनहरू आवश्यक पर्छन् । सिद्धान्ततः तीनवटा साधन श्रम, पुँजी र प्रविधिको आवश्यकता पर्ने गरेको पढ्न पाइन्छ । यीमध्ये श्रम नेपालमा उच्च आपूर्ति हुन सक्ने भएकाले उत्पादन बढाउन पुँजी र प्रविधि अत्यावश्यक हुने र यी दुवैका लागि लगानी चाहिन्छ ।

आर्थिक गतिविधि विस्तारका लागि लगानीको स्रोत देशभित्रकै आन्तरिक र देशबाहिरको बाह्य स्रोतबाट आउने गर्छ । आन्तरिक स्रोतको लगानी स्वदेशी बचतबाट हुन्छ र यस्तो लगानी स्वपुँजी वा सेयर लगानी र ऋणमार्फत् प्राप्त हुन्छ भने बाह्य स्रोतको लगानी बाह्य बचतमार्फत परिचालित हुन्छ । बाह्य लगानी पनि इक्विटी वा ऋणमार्फत भित्रिने गर्छन् । आन्तरिक वा बाह्य जुन स्रोत भए पनि इक्विटीको लगानी प्रोमोटरबाट स्थापनाकै बखत वा पछि पुँजी बजारमार्फत सेयर जारी गरेर प्राप्त गरिन्छ । ऋण लगानीका लागि भने या त पुँजीबजारमार्फत ऋणपत्र जारी गर्नुपर्छ या बैंकमार्फत ऋण लिनुपर्छ ।

समग्रमा लगानीका स्रोत दुईवटा हुन् । पहिलो स्वामित्वमा आधार हुने सेयर र दोस्रो ऋण दायित्व हो । यी दुवैको स्रोत भनेको व्यक्तिगत तथा संस्थागत बचत परिचालन हो । आन्तरिक बचतले नपुगेमा बाह्य बचत प्रयोग गर्नुपर्ने हुन्छ र खुला अर्थतन्त्रमा संसारभर यही भइरहेको छ । ऋण प्राप्त गर्न भने या संस्थागत ऋणपत्र जारी गरिन्छ भने बैंकबाट समेत ऋण लिने गरिन्छ । देशबाहिरका संस्था, व्यक्ति वा बैंकबाट ऋण लिन भने देशले अपनाएको पुँजी खातासम्बन्धी नियममा भर पर्छ ।

बैंक तथा वित्तीय संस्थाको परम्परागत कार्य बचतकर्ताबाट निक्षेपका रूपमा रकम संकलन गर्ने र उक्त रकम ऋणको रूपमा परिचालन गरी वित्तीय मध्यस्थताको कार्य गर्नु हो । लगानीका विविध स्रोतमध्ये बैंक ऋण एक मात्र स्रोत हुने कुरा माथि नै उल्लेख गरिसकियो । वित्तीय संस्थाहरूको कर्जा प्रवाहको प्रमुख स्रोत निक्षेप परिचालन हो । खास गरी निक्षेपमा दिने ब्याजदरमा केही सञ्चालन लागत थप गरी कर्जाको ब्याजदर तोक्ने गरिन्छ । प्रतिस्पर्धी अर्थतन्त्रमा कर्जा तथा निक्षेपको आपूर्ति र माग ब्याजदरले निर्धारण हुने विश्वास गरिन्छ ।

नेपालको आर्थिक वृद्धि अर्थात् कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरको संरचनामा कृषिक्षेत्रको योगदान अझै पनि एकतिहाइको हाराहारीमा छ । उद्योग क्षेत्रको आर्थिक वृद्धिमा योगदान १५ प्रतिशत छ भने सेवाक्षेत्रको ५३ प्रतिशत । सेवाक्षेत्रको योगदान धेरै देखिए पनि यसभित्र धेरै उपक्षेत्र पर्छन् र एकाध वर्षबाहेक सेवाक्षेत्रको वृद्धिमा धेरै उतारचढाव भएको छैन । देशको कुल उत्पादन अर्थात् जीडीपी संरचना हेर्दा समग्र आर्थिक वृद्धि कृषिक्षेत्रको वृद्धिले निर्धारण गर्ने देखिन्छ । साथै, सबैभन्दा बढी अनिश्चित र चलायमान वृद्धि भएको क्षेत्र पनि कृषि नै हो ।

२०४० सालपछि सुरु गरिएको वित्तीय क्षेत्र सुधार कार्यक्रमले २०४८ सालपछि थप गति लियो । वित्तीय क्षेत्रको उपस्थिति, उपकरणहरू, लागत तथा मुनाफाका विषयमा समेत उदार कार्यक्रम अनुसरण गरिएपश्चात् वित्तीय क्षेत्रको आकार र संख्यामा व्यापक विस्तार आए पनि वित्तीय क्षेत्रको समग्र विकासमा अझै विभिन्न समस्या विद्यमान छन् । वित्तीय सूचकहरू राम्रो देखिँदै गए पनि वित्तीय समावेशिता, सेवाको गुणस्तर, कार्यकुशलताजस्ता विषयमा अझै विभिन्न सवालहरू हाम्रा सामु खडा छन् । वित्तीय क्षेत्रमध्ये बैंकिङ क्षेत्रको तुलनात्मक रूपमा तीव्र विकास भएबाट मुलुकको कुल वित्तीय सम्पत्तिमा बैंकिङ क्षेत्रको अंश ८५ प्रतिशत छ । तसर्थ, समग्र वित्तीय क्षेत्रमा बैंकिङ क्षेत्रको योगदान अहम् रहेको छ । पुँजीबजार तथा गैरबैंकिङ क्षेत्रको तुलनात्मक रूपमा विकास हुन नसकेका कारण नेपालमा पुँजीबजारको कामसमेत मुद्रा बजारले गर्दै आएको छ ।

नेपाल राष्ट्र बैंकले तयार गर्ने क्षेत्रगत कर्जा लगानीका विभिन्न १३ वटा शीर्षक हेर्दा २०७४ मंसिर मसान्तमा लगानीमा रहेको रु. २ हजार १ सय २४ अर्ब कर्जामध्ये कुल कर्जाको २२ प्रतिशत अर्थात् रु. ४७२ अर्ब थोक तथा खुद्रा व्यापार क्षेत्रमा गएको छ । क्षेत्रगत हिसाबले यो सबैभन्दा बढी कर्जा प्रवाह भएको सेक्टर हो । त्यसै गरी कुल कर्जाको १७ प्रतिशत उत्पादनमूलक कार्यमा र ११ प्रतिशत निर्माण क्षेत्रमा प्रवाहित भएको छ ।

प्रवाहित कर्जामध्ये नेपालको आर्थिक विकासका लागि उच्च सम्भावना भएको भनिएको पर्यटन क्षेत्रमा जम्मा ३.३ प्रतिशतमात्र कर्जा प्रवाह भएको छ । उच्च लगानी आवश्यक पर्ने र कर्जाको माग समेत अधिक भएको जलविद्युत् क्षेत्रमा पनि ३ प्रतिशत मात्र कर्जा लगानीमा रहेको छ । पर्यटन र जलविद्युत्मा प्रवाहित कर्जाभन्दा रियलइस्टेट क्षेत्रमा गएको कर्जा बढिरहेको छ । देशकै धरोहर मानिएको र अनगिन्ति सम्भावना भएको कृषिक्षेत्रमा भने ५ प्रतिशतको हाराहारीमा कर्जा प्रवाह भएको छ । तसर्थ, बैंक कर्जाको प्रयोग व्यापार र उत्पादनमूलक उद्योग क्षेत्रमा अधिकेन्द्रित भएको प्रस्ट देखिन्छ ।

बैंक कर्जाको माग व्यक्तिगत तथा संस्थागत रूपमा विभिन्न प्रयोजनका लागि हुने गर्छ । विभिन्न क्षेत्रमा हाल प्रवाहित कर्जाको विवरण हेर्दा आर्थिक वृद्धिलाई सघाउने र नेपालको उच्च सम्भावना भएको क्षेत्रमा भन्दा कच्चापदार्थ आयात र व्यापारिक प्रयोजन मुख्य रूपमा कर्जा आवश्यक पर्ने क्षेत्र भएको छ । आवासीय घर निर्माण कार्यका लागि ९ प्रतिशत र रियलइस्टेट क्षेत्रमा कुल कर्जाको ४ प्रतिशत लगानी रहेको पछिल्लो तथ्याङ्कले देखाउँछ । यसबाट रियलइस्टेटका रूपमा जाने कर्जा अझै न्यून रहेको र आवासीय घर निर्माणमा अझै बैंक कर्जाको योगदान उच्च रहेको देखाउँछ ।

बैंक अधीनस्थ वित्तीय क्षेत्र भएका कारण बैंक कर्जाको ब्याजदरमा मात्र परिवर्तन भएमा पनि बजारमा हल्लीखल्ली हुने परम्परा हामीकहाँ बढ्दै गएको छ । खास गरी पछिल्लो समय निक्षेप संकलनको तुलनामा कर्जाको माग अधिक हुन गई वित्तीय संस्थाहरूले कर्जा प्रवाहको गतिलाई कम गर्नुपर्ने अवस्था देखा पर्दै गएको छ । अल्पकालीन प्रकृतिका यस्ता क्रियाकलापलाई समग्र अर्थतन्त्र र अझ आर्थिक वृद्धि हासिल गर्ने कार्यमा ठूलो असर गर्ने भनी उद्योगी-व्यवसायीहरूबाट केन्द्रीय बैंकलाई कर्जा विस्तारका विविध उपाय अवलम्बन गर्न दबाब आउन थालेको छ ।

वाणिज्य बैंकहरू सामान्यतया मुद्राबजारमार्फत अल्पकालीन स्रोत परिचालनका लागि सञ्चालित हुन्छन् । त्यसैले यस्ता संस्थाको कर्जाको स्रोत अर्थात् निक्षेप अल्पकालीन प्रकृतिको हुन्छ । अल्पकालीन स्रोतलाई दीर्घकालीन प्रकृतिका कर्जा प्रवाह गर्दा तरलता मिसम्याच हुने भएकाले नियामक निकायले विभिन्न विवेकशील नियमनका उपायहरू अपनाएको हुन्छ । यसर्थ, निश्चित क्षेत्रबाहेक दीर्घकालीन प्रकृतिको कर्जा प्रवाह वाणिज्य बैंकमार्फत गराउनु त्यति सान्दर्भिक देखिँदैन ।

विभिन्न वित्तीय संस्थाबाट प्रवाहित कुल कर्जामा वाणिज्य बैंकहरूको अंश ८६ प्रतिशत छ भने कुल निक्षेपमा ९० प्रतिशत अंश छ; तसर्थ बैंक कर्जा जलविद्युत्, पर्यटन तथा कृषिक्षेत्रमा कम र व्यापार क्षेत्रमा बढी हुनु अस्वाभाविक होइन । किनभने माथि उल्लेख गरेझैं वाणिज्य बैंकहरूले दीर्घकालीन प्रकृतिका लगानीभन्दा छोटो तर उच्च प्रतिफलका क्षेत्र खोज्छन् । प्रायःजसो बैंक कर्जा औद्योगिक कच्चापदार्थ आयात तथा तयारी वस्तु आयातमार्फत बिदेसिने गरेको छ । अघिल्लो आर्थिक वर्षको कुल उपभोग रु. २३ खर्ब ३३ अर्बमा आयातको अंश रु. १० खर्ब ९२ अर्ब छ, जुन उपभोगमा गरिएको खर्चको ४७ प्रतिशत हो । सामान्य अर्थमा हामीले गर्ने कुल उपभोगको ४७ प्रतिशत अंश आयात भैरहेको देखिन्छ । सरकार तथा निजी क्षेत्रबाट गरिने पुँजीगत प्रकृतिका उपभोगको आँकडा हेर्दा ७० प्रतिशतभन्दा बढी आयातमार्फत बिदेसिने अध्ययनले देखाएको छ ।

अन्त्यमा, बैंकिङ प्रणालीको कर्जा वृद्धि निक्षेपसँग तालमेल हुनुपर्छ र कर्जा प्रवाह प्राकृतिक रूपमा बढ्दै जानुपर्छ । हाम्रो जस्तो बैंक अधीनस्थ वित्तीय क्षेत्रमा अर्थतन्त्र चलायमान बनाउन बैंक कर्जाको भूमिका अहम् भए तापनि कर्जा प्रवाहले मात्र आर्थिक वृद्धि गराउने कदापि होइन । खैर, यसले झन् आयात बढाउन सक्छ । बचत बढाउने र लगानीको वातावरण निर्माण गरी स्वदेशी एवम् विदेशी बचतलाई पुँजी बजारमार्फत परिचालन गरी वित्तीय क्षेत्रको विविधीकरण गर्न ढिला भइसकेको छ । साथै बैंक ऋणको प्रवाह सरकार तथा केन्द्रीय बैंकको प्राथमिकता रहेको क्षेत्रमा परिचालन गर्न ल्याइएका नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ । कर्जाको कृत्रिम वृद्धि गराउन र अल्पकालीन फाइदाका लागि दीर्घकालसम्म असर गर्ने नीति तथा कार्यक्रमहरूका लागि दबाब दिनु उचित हुँदैन । संस्थागत ऋणीका दबाबले व्यक्तिगत र साना ऋणीलाई मर्का पार्ने कार्य न्यायोचित हुन सक्दैन ।

bhatta.gunaraj@gmail.com

# नेपालमा औद्योगिक विकासको समस्या र चुनौती

**गल्ती-कमजोरीहरूलाई सच्याउँदै द्रुत गतिमा औद्यौगिक विकास गर्दै दैशको आर्थिक नीति तथा औद्योगिक नीतिहरू नै समयानुकूल नीतिगत रूपमा सुधार गर्दै कार्यान्वयन पक्षमा जोड दिनुपर्ने आएकै छ ।**



सुवास देवकोटा

समृद्ध नेपाल सुखी नेपालीको नारासहित वर्तमान सरकारले औद्योगिक विकासका लागि बढावा दिने उद्देश्य राखेको छ । नेपालको वर्तमान परिप्रेक्ष्यमा हाम्रो औद्योगिक विकासको स्थितिमा उल्लेखनीय प्रगति हुन सकेको छैन । हाम्रो छिमेकी मुलुक भारत र चीनसँगै विश्वजगत्का धेरै मुलुकमा तीव्र गतिको औद्योगिक विकासले गर्दा आफ्नो अर्थतन्त्रमा एकपछि अर्कै इतिहास रच्दै छन्, तर नेपालमा इतिहासको विभिन्न कालखण्डसँगै देशले अनेकौं समस्यासँग जुध्दै थोरै-थोरै मात्रामा मात्रै औद्योगिक विकास गरेको पाइन्छ ।

नेपालको औद्योगिक विकासका लागि विद्यमान परिवेशमा विगतमा भएका गल्ती-कमजोरीहरूलाई सच्याउँदै द्रुत गतिमा औद्यौगिक विकास गर्दै दैशको आर्थिक नीति तथा औद्योगिक नीतिहरू नै समयानुकूल नीतिगत रूपमा सुधार गर्दै कार्यान्वयन पक्षमा जोड दिनुपर्ने आएकै छ । यसर्थ देशमा आर्थिक समृद्धि हुनका लागि औद्योगिक क्रियाकलापहरूमा बढावा हुने र व्यापक मात्रामा रोजगारीका अवसरहरू सिर्जना हुने र समग्र जनताको आयस्तरमा वृद्धि हुने खालका प्रयास र कार्यक्रमहरू ल्याउनु आवश्यक देखिन्छ ।

विगतमा नेपालमा औद्योगिक नीति, २०४९ ले परिलक्षित गरेका उद्देश्य हासिल गर्न सर्वप्रथम कृषिक्षेत्रमा निर्भर अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्नु जरुरी भएकाले औद्योगिक विकास सम्बधित क्रियाकलापहरू त्यसैतर्फ केन्द्रित गरिएको थियो । औद्योगिक नीति, २०४९ ले मार्गनिर्देश गरेअनुसार नै औद्योगिक व्यवसाय ऐन, २०४९ ले औद्योगिक विकासलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउन उद्योगहरूको प्रमाणीकरण, वर्गीकरण र नीतिहरूलाई आयकर, बिक्रीकर तथा अन्तःशुल्कमा छुट तथा सुविधा गराउने कानुनको आधार तयार पारी उद्योगहरू फस्टाउने कार्यमा सहयोग गरेको थियो । यसका बाबजुत देशको राजनीतिक परिवर्तन कालखण्ड र अन्य विभिन्न कामले गर्दा ऐनले प्रदान गरेको सुविधा तथा सहुलियतहरूले निरन्तरता पाउन सकेन । यसका बाबजुत औद्योगिक विकासका लागि अन्य आवश्यक सस्थागत, आधारभूत पूर्वाधार सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धी बनाउने पूर्वाधारका सेवा उपलब्ध गराई उद्योगहरूलाई प्रतिस्पर्धा बनाउने प्रयास भने जारी नै रह्यो ।

औद्योगिक विकासलाई प्रभावकारी बनाउन श्रमिकहरूको दक्षता विकास, व्यवस्थापनको कौशल अभिवृद्धि, नवीनतम प्रविधिलाई प्रोत्साहन, क्षेत्रगत लगानीमा बढावा दिने, उद्यमशीलता प्रवर्द्धन गर्न तालिम प्रदान गर्ने, संस्थागत व्यवस्था तथा उद्योगहरूलाई प्रदान गर्ने सेवासुविधाहरूलाई एकै थलोबाट प्रदान गर्ने लगायतका राम्रा प्रयासहरू भएका छन् ।

औद्योगिक विकासका लागि विगतमा सञ्चालन गरिएका विभिन्न प्रयासका बाबजुत देशमा औद्योगिक विकासले आशातीत गति लिन नसकेको यथार्थ हाम्रो सामु छर्लङ्ग छ । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १० प्रतिशत पनि पुग्न नसक्नु नै औद्योगिक विकास ज्यादै न्यून छ भन्ने कुराको गतिलो प्रयास हो । देशको अर्थतन्त्र विप्रेषणमा र परम्परागत कृषि प्रणालीमा निर्भर रहेको छ । हाम्रो देशमा औद्योगिक विकासको प्रचुर सम्भावना हुँदाहुदै पनि उपयुक्त व्यवस्थापन क्षमताको इच्छाशक्ति इमानदारिता र सुशासनको अभावले गर्दा आर्थिक विकासमा पछाडि पर्नुपरेको तीतो यथार्थ छ । देशमा उपलब्ध कच्चापदार्थको स्रोत खेर जानु, युवा जनशक्ति वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले देशले आर्थिक समृद्धिको नारालाई सार्थक भइराखेको छैन । नेपाली उद्योगहरूको गुणस्तरमा सुधार, व्यावसायिक कारोबार पारदर्शी एवं बजारको नियमित अध्ययन गर्नुपर्ने सरकारी तवरबाट नेपाली उद्योगको पर्याप्त संरक्षण नरहेको हुँदा सूचना आदान-प्रदान, विदेशी लागानीमैत्री वातावरणको निर्माण, औद्योगिक मेला आदि विभिन्न औद्योगिक प्रवर्द्धनात्मक कार्यक्रममार्फत नेपाली उद्योगको प्रचार-प्रसार गर्नुपर्ने अवस्था छ । त्यसैले वर्तमान नीतिलाई समयानुकूल परिवर्तन गरी देशमा ठूला उद्योगहरूको स्थापना गराई रोजगारी र उत्पादन बढाउन लघु तथा घरेलु उद्योग बढाई स्वरोजगार सिर्जना गर्ने गरी नेपाली श्रमशक्ति भरपुर उपभोग गरी देशमा औद्योगिक विकास गर्न जरुरी देखिन्छ ।

उद्योग सञ्चालनका लागि राजनीतिक अस्थिरता, औद्योगिकअनुसार असहज श्रमसबन्ध, ऊर्जाको न्यून उपलब्धता, कमजोर औद्योगिक पूर्वाधार, दक्ष जनशक्तिको अभाव, प्रविधि ग्रहण गर्न सक्ने क्षमताको कमी, न्यून उत्पादकत्व, कमजोर आपूर्ति व्यवस्थापनजस्ता कुराहरू वर्तमान समयको प्रमुख समस्याका रूपमा रहेका छन् । स्वदेशमै लगानी गरी पुँजीगत तथा बौद्धिक सम्पत्तिको उच्चतम उपभोग उत्पादनमूलक क्षेत्रमा गर्न र मुलुकमै स्वरोजगारका अवसरहरू बढाउन नयाँ विश्वासिलो औद्योगिक वातावरण सिर्जना गर्नु राष्ट्रिय चुनौतीका रूपमा रहेको छ ।

नेपाली श्रमशक्ति विदेशी बजारमा आकर्षित हुनु, नेपालमा व्यवस्थापनदेखि मजदुर तहसम्म दक्ष जनशक्तिको अभाव बढ्दै जानु र नेपालमा भएका स्रोतहरू त्यत्तिकै उपभोगविहीन अवस्थामा रहनुका कारणले अहिले पनि नेपालमा लगानीकर्ताहरू ढुक्क भएर लगानी गर्न सकिरहेका छैनन् । यी र यिनै समस्याहरूका अतिरिक्त नेपालको भू-बनावट, बढ्दो व्यापारिक प्रतिस्पर्धा, आर्थिक उदारीकरण, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोगजस्ता चुनौतीहरूलाई मध्यनजर गर्दै औद्योगिक र व्यापारिक क्रियाकलापहरू सहज र पारदर्शी बनाई देशको बृहत् र विकासमा औद्योगिक क्षेत्रको भूमिका वृद्धि गर्नु आजको आवश्यकता हो ।

अन्त्यमा विगतका नीतिगत प्रयासमा समेट्न नसकिएका विषयहरूलाई समावेश गरी उदार र फराकिलो औद्योगिक नीतिको निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक दोखिन्छ । नेपालले आफ्नो छिमेकी राष्ट्रका उद्योग प्रवर्द्धनका लागि गरिएका असल प्रयास, सुविधा, सहुलियतहरूसमेतलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु वैदेशिक लगानी संरक्षण, प्रोत्साहन गर्न सरकारी क्षेत्रबाटै विशेष कार्यक्रम कार्यान्वयनमा ल्याउनुका साथै उद्योगलाई संरक्षण, सुविधा तथा सहुलियत उपलब्ध गराउने र औद्योगिक जनशक्ति बिकास गर्न कार्यक्रम सञ्चालनमा ल्याउनुपर्छ । यसरी सार्वजनिक, निजी र सरकारी मोडलमा औद्योगिक बिकास गरी निर्यातमूलक उद्योग एक गाउँ एक उत्पादन, पशुपालन, जडिबुटीमा आधारित उद्योग, घरेलु तथा साना उद्योगकोको विकासतर्फ केन्द्रित हुन जरुरत छ ।

# खामेनेईलाई ट्रम्पको चेतावनी

## 'आफ्नो भनाइप्रति सचेत रहनु'



**वाशिङ्टन/एजेन्सी–** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनेईलाई आफ्नो भनाइप्रति सचेत रहन चेतावनी दिएका छन् । तेहरानस्थित मोसल्ला मस्जिदबाट शुक्रबार देशलाई सम्बोधन गर्दै प्रवचनका क्रममा खामेनेईले संयुक्त राज्य अमेरिकाको आलोचना गरेपछि ट्रम्पले सो चेतावनी दिएका हुन् ।

खामेनेईले आलोचना गरे लगत्तै ट्रम्पले शुक्रबार ट्वीट गर्दै लेखेका छन्, 'इरानका सर्वोच्च नेता जो हिजोआज सर्वोच्च रहेनन्, उनले अमेरिका र युरोपको बारेमा केही तल्लोस्तरको कुरा भनेका छन् । उनको देशको अर्थव्यवस्था बिग्रिरहेको छ, उनका जनताले दु:ख पाइरहेका छन्, यसमा उनले आफ्नो बोलीवचनमा होस पुर्‍याउनुपर्छ ।' ट्रम्पको यो ट्वीट शुक्रबारको खामेनेईले गरेको भाषणपछि आएको हो ।

असी वर्षीय खामेनेईले राजधानी तेहरानस्थित मोसल्ला मस्जिदबाट शुक्रवार देशलाई सम्बोधन गरेका थिए । उनले पछिल्लो पटक सन् २०१२ मा देशमा इस्लामिक क्रान्ति भएको ३३ औं वर्षगाँठ मनाउने सन्दर्भमा यसैगरी सम्बोधन गरेका थिए । राजधानीमा शुक्रबारका प्रार्थनाहरूको नेतृत्व गर्नुको सांकेतिक रूपमा ठूलो महत्व छ । 'वाशिङ्टन इन्स्टिट्युट फर नीअरइस्ट पोलिसी'का मेहदी खलाजी भन्छन्, 'यो यस्तो समारोह हो जुन इरानको सर्वोच्च निकायले निकै महत्वपूर्ण सन्देश प्रवाह गर्ने बेलाका लागि मात्रै आयोजना गर्छन् ।'

विगतमा इरानी नेताहरूले यस्तो अवसरको जिम्मा वाक्पटुतामा निपुण आफूप्रति वफादार धर्मगुरुलाई दिने गर्थे । भाषणका क्रममा इरानका सर्वोच्च नेता खामेनेईले भूलवश यूक्रेनी विमान खसालिएको स्वीकारेको देशका सशस्त्र सेनाको बचाउ गरेका छन् । उनले भाषण गर्ने क्रममा भने, 'इरानको रिभोलुशनरी गार्ड उक्त विनाशकारी हमलाका लागि जिम्मेवार विशेष सैन्य एकाइ ले इरानको सुरक्षा व्यवस्थालाई कायम राखेका छन् ।'

सेनाको बचाउ गर्नुका साथै खामेनेईले अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको दुष्ट प्रशासनको आलोचना गरेका थिए । इरानी जनताप्रति समर्थन व्यक्त गर्दा वाशिङटनले झूटो बोलेको आरोप लगाए र भने, 'अमेरिकाले तिनीहरूलाई विषालु छुरी धस्नेछ । इराकमा गरिएका इरानी क्षेप्यास्त्र हमला अमेरिकाको अनुहारमा थप्पड हो ।' त्यस्तै खामेनेईले सुलेमानीको अन्तिम संस्कार र इरानी सेनाको प्रतिक्रियालाई इतिहासको एउटा मोड रहेको पनि बताएका थिए ।

उनले अगाडि भने, 'यो दुर्घटनाबाट हामी दु:खी भइरहदाँ हाम्रा शत्रु निक्कै खुसी छन् । तिनको खुसी रिभोलुसनरी गार्ड र हाम्रो सेनामाथि प्रश्न उठाउन ठाँउ पाएकोमा हो ।'

शत्रु भनेर खामेनेईले अमेरिका र उसको मित्र देशतर्फ संकेत गरेका थिए । अमेरिकाले केही अघि इरानका शिर्ष सैन्य कमाण्डरको हत्या गरेपछि दुई देशबीच तनाव बढेको छ । अमेरिकाले इरानको कुद्स फौजका प्रमुख जनरल कासिम सुलेमानीलाई इराकमा बग्दाद विमानस्थलबाहिर एक ड्रोन आक्रमण गरेर मारेको थियो । यसपछि दुईदेशबीच तनाव बढेको छ ।

# अमेरिकामा गोलीकाण्ड, ४ जनाको मृत्यु




**लस एन्जेलस/एजेन्सी–** अमेरिकामा भएको गोलीकाण्डमा परी कम्तीमा चार जनाको मृत्यु भएको छ । उताह राज्यमा शुक्रबार राती भएको घटनामा परी उनीहरुको मृत्यु भएको स्थानीय प्रहरी अधिकारीहरुले जानकारी दिएका छन् । शंकास्पद व्यक्तिहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिसकिएको पनि प्रहरी अधिकारीहरुको भनाइ छ । प्रदेशको राजधानी सहर साल्ट लेक सिटीसँगै जोडिएको ग्रान्ट्सभिल्ले भन्ने ठाउँमा गोलीकाण्ड भएको हो ।

'सरकारी अधिकारीहरु घटनास्थलमा पुगेर चार जनाको मृत्यु भएको पुष्टि गरेका छन्,' ग्रान्ट्सभिल्लेका एक जना प्रहरी अधिकृत होन्डा फिल्डसले भने । उनले घटनाका बारेमा प्रहरीले अनुसन्धान गरिरहेको र घाइते पाँच जनाको अस्पतालमा उपचार भइरेको जानकारी दिए । आक्रमण गर्ने र पिडितहरु एउटै परिवारका हुन की होइनन् भन्ने अहिले यकिन भइनसकेको पनि उनले बताए ।

# बर्लिन सम्मेलनमा पुटिन सहभागी हुने



**मस्को/एजेन्सी–** रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र जर्मनीकी चान्सलर एन्जेला मर्केलबीच शुक्रबार कुराकानी भएको छ । टेलिफोन कुराकानीका क्रममा पुटिनले जर्मनीको राजधानी बर्लिनमा हुने लिबियासम्वन्धी सम्मेलनमा सहभागी हुन आइतबार आउने जानकारी मर्केललाई दिएका थिए ।

रुसी राष्ट्रपतिको कार्यालय क्रेमलिनद्वारा जारी वक्तव्यमा दुई नेताका बीचमा अन्य विविध विषयमा पनि कुराकानी भएको उल्लेख गरिएको छ । लिबियामा जारी द्वन्द्व अन्यका लागि द्वन्द्वरत पक्षलाई वार्तामा ल्याएर राजनीतिक रुपमा समस्या समाधान गर्न सकिने विश्वास पनि उनीहरुले व्यक्त गरेका छन् । सम्मेलनमा भएको छलफलका आधारमा दस्तावेज बनाएर राखिने वक्तव्यमा उल्लेख गरिएको छ । सम्मेलनमा अमेरिका, रुस, बेलायत, फ्रान्स, चीन र संयुक्त अरब इमिरेट्स (युएई), टर्की, गणतन्त्र कंगो, इटाली, इजिप्ट र अल्जेरियाका प्रतिनिधिहरु सहभागी हुनेछन् ।

त्यसैगरी संयुक्त राष्ट्रसंघ, यूरोपेली संघ, अफ्रिकन युनियन र अरब लिगलगायतका संघ संस्थाका प्रतिनिधिहरु पनि सम्मेलनमा सहभागी हुने जर्मनीका सरकारी अधिकारीहरुले जारी गरेको वक्तव्यमा जनाइएको छ । वक्तव्यका अनुसार जर्मन चान्सलर एन्जेला मर्केलले संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेर्रेससंग परामर्श गरेर सम्मेलनको आयोजना गरेका हुन् । 'लिबियाको संकट समाधानका लागि राष्ट्रसंघीय महासचिव गुटेर्रेस, लिबियाका लागि राष्ट्रसंघीय विषेश प्रतिनिधि घस्सान सलामलाई सघाउने उद्धेश्यले नै आगामी आइतबार बर्लिनमा हुनेगरी जर्मन चान्सलर एन्जेल मर्केलले सम्मेलनको आयोजना गर्नु भएको हो,' जर्मनी सरकारका प्रवक्ता स्टेफन सेइबेर्टले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन् ।

# चीनमा बढेन जन्मदर



**चीन/एजेन्सी–** चिनियाँ सरकारले एक बच्चा नीतिमा केही खुकुलोपन ल्याए तापनि चीनको जन्मदरमा त्यस अनुसारको वृद्धि देखिएको छैन । जन्मदर जनवादी गणतन्त्रको स्थापना भएयताकै न्युन स्तरमा पुगेको छ । चीनको जन्मदर अघिल्लो वर्ष प्रति हजार १०.४८ थियो । चीनको नेसनल ब्युरो अफ स्ट्याटिस्टीकका अनुसार यो तथ्याकं सन् १९४९ यताकै न्युन हो ।

चीनको जन्मदर वर्षौंदेखि निरन्तर ह्रास भइरहेको थियो जुन अर्थतन्त्रको लागि त्यति राम्रो मानिँदैन । न्युन जन्म दरको अर्थ थोरै काम गर्ने जनसंख्या हुनु हो जसले धेरै संख्यामा रहेका अवकास जनसंख्यालाई धान्नुपर्छ । जन्मदर घटेपछि त्यही स्तरमा मृत्युदर पनि घटेका जनसंख्यामा भने उल्लेख्य कमी आएको छैन । चीनको जनसंख्या सन् २०१९ मा १ अर्ब ४० करोड थियो । चीनले सन् १९७९ मा, तत्कालिन समयमा तीव्र दरमा वृद्धि भइरहेको जनसख्या नियन्त्रणका लागि 'एक बच्चा नीति' देशभरी लागु गरेको थियो ।

उक्त नीतिलाई उलंघन गर्ने परिवारले जरिवान भोग्नेदेखि रोजगारी गुमाउने अझ कैयौ अवस्थामा जबरजस्ती गर्वपतन भोग्नुपर्थ्यो । सो नीतिलाई चीनमा अहिले देखिएको महिला-पुरुषको संख्यामा ठूलो भिन्नताका लागि जिम्मेबार मानिन्छ । तत्कालिन समयमा धेरै परिवारले एक बच्चा जन्माउनुपर्दा छोरा जन्माउन जोड दिदाँ चीनमा अहिले महिलाभन्दा ३ करोड बढी पुरष छन् ।

सन् २०१५ मा सरकारले 'एक बच्चा नीति'लाई परित्याग गरेर दुई बच्चा नीति ल्यायो । तर उक्त सुधारपछिका दुई वर्ष जन्मदरमा केही सुधार देखिएको भए पनि हाल पहिलेभन्दा तल झरेको छ । विज्ञका अनुसार सरकारले 'एक बच्चा नीति' परित्याग गरेको भए पनि परिवारलाई दुई बच्चा हुर्काउन सहयोगी हुने कार्यक्रम नल्याउनाले नयाँ परिवर्तनले असर गर्न सकेको छैन । विशेषत बाल-स्याहारमा सघाउने कार्यक्रम र अभिभावक दुवै कामकाजी हुने आधुनिक अर्थतन्त्रमा सुत्केरी विदामा सरकारले कुनै कार्यक्रम ल्याउन नसक्दा धेरै जोडिले एक बच्चामै चित्त बुझाइरहेका छन् ।


सन् १९७९मा लागु भएको 'एक बच्चा नीति'ले देशका कम्तीमा पनि एक तिहाई अभिभावकका लागि समेटेको थियो । त्यो हिस्साले दोस्रो बच्चा पाउनको लागि ठूलो जरिवाना रकम तिनुपर्थ्यो । तर ग्रामिण भेगमा पहिलो बच्चा छोरी भए दोस्रो बच्चा पाउदा जरिवाना नहुने व्यवस्था थियो । सन् २०१३ देखि देशका ती अल्पसंख्यक जोडीमध्ये एक जना एकल सन्तान भए तिनले दोस्रो बच्चा पाउने व्यवस्था गरिएको थियो ।

एक बच्चा नीति लागु हुदाँको समयमा, देशमा सुरक्षाबलले ठूलो संख्याको परिवारमा जबरजस्ती गर्भपतन गराएको आरोप लाग्ने गर्छ । त्यस्तै ती दिन धेरै अभिभावकले गर्भ भिडियो एक्स-रे गराएर छोरी भए गर्भपतन गराउने घटना पनि उलेख्य प्रचलनमा थियो । यही कारणले अहिले चीनले ठूलो लैङ्गिक खाडल सामना गरिरहेको छ ।

# रुसमा २५ कार दुर्घटना

**मस्को/एजेन्सी-** रुसमा शुक्रबार एकसाथ २५ ओटा कार दुर्घटनामा परेका छन् । दुर्घटनामा परी कम्तीमा दुई जनाको मृत्यु भएको छ । यस दुर्घटनामा अन्य १० जना घाइते भएका अधिकारीहरुले जनाएका छन् । देशको उत्तरी कौकासुसमा पर्ने राजमार्गमा शुक्रबार ती कारहरु दुर्घटनामा परेका आपतकालिन मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । कुहिरो तथा तुसारोका कारण दुर्घटना भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । थप विवरणका लागि घटनाका बारेमा अनुसन्धान भइरहेको अधिकारीहरुले जनाएका छन् ।

# लिबिया द्वन्द्वका कारण एक लाख पचास हजार शरणार्थी



**त्रिपोली/एजेन्सी-** लिबियामा भएको द्वन्द्वका कारण एक लाख ५० हजार भन्दा बढी स्थानीय बासिन्दा विस्थापित भएर शरणार्थी बन्न पुगेका छन् । संयुक्त राष्ट्रसंघीय शरणार्थी आयुक्तको कार्यालय (युएनएचसीआर) ले शुक्रबार दिएको जानकारीअनुसार लिबियाको राजधानी त्रिपोली र आसपासका क्षेत्रमा फैलिएको द्वन्द्वका कारण उनीहरु विस्थापित भएका हुन् ।

'सन् २०१९ को अप्रिलदेखि भइरहेका द्वन्द्वका घटनाहरुका कारण एक लाख ५० हजारभन्दा बढी स्थानीय बासिन्दाले आफ्नो घर छाडेर हिडेका छन्,' शरणार्थी आयुक्तको कार्यालयले भनेको छ । विस्थापित भएर आन्तरिक रुपमा शरणार्थी भएकाहरुलाई आयुक्तको कार्यालयको तर्फबाट सहयोगी सामग्रीहरु उपलब्ध गराइरहेको पनि कार्यालयले जनाएको छ । झण्डै तीन हजार शरणार्थी तथा आप्रवासीहरु मध्य लिबियामा नजर बस्दमा परेको पनि कार्यालयद्धारा जारी वक्तव्यमा उल्लेख गरिएको छ ।

त्रिपोलीमा सन् २०१९ को अप्रिलदेखि सैन्य अभियान चलाइएको छ । उनीहरुले त्रिपोली सहर आफ्नो नियन्त्रणमा लिएका छन् । सन् २०११ मुअम्मर गद्दाफीको शासनलाई पतन भएयता लिबिया असुरक्षा र अराजकता बढ्दै गएको पाइन्छ । लिबिया गैरकानुनी युरोप जान चाहने आप्रवासी लागि प्रस्थानको माध्यमको रुपमा पनि रहेको छ ।

# फिजीमा सामुद्रिक आँधी, हजारौं विस्थापित



**फिजी/एजेन्सी–** फिजीमा आएको सामुद्रिक आँधीका कारण कम्तीमा दुई व्यक्ति वेपत्ता भएका छन् । 'तीनो' नामक शाक्तिशाली आँधीका कारण अरु तीन हजार विस्थापित भएका छन् । विस्थापित ती व्यक्तिहरु शरणार्थी शिविरमा बस्न बाध्य भएका अधिकारीहरुले जनाएका छन् । शनिबार तीन चरणमा आँधी आएका फिजीको मौसम विज्ञान विभागले जनाएको छ ।

समाचारमा जनाइएअनुसार आँधीले घर, खेतीपातीसँगै धेरै भौतिक संरचनाहरुमा पनि क्षति पुर्‍याएको छ । 'समुद्र धेरै माथि देखिएको थियो, यसले समुद्रभन्दा बाहिरी भागमा पनि धेरै ठाउँमा असर पार्ने भन्ने मलाई लागेको थियो,' एक स्थानीयले एएफपीसँग भने । फिजीको राष्ट्रिय प्रकोप व्यवस्थापन कार्यालयका कर्मचारीहरुले विस्थापितहरुका लागि तत्काल तीन हजार एक सय १५ अस्थायी शिविरहरुको आवश्यकता परेको बताएका छन् । आँधीका कारण घरमा क्षति नपुगेकाहरुलाई भने चाडै नै घर फर्काउन सकिने पनि कर्मचारीहरुले जानकारी दिएका छन् ।

'हामीलाई थाहा छ, विस्थापित मध्ये अधिकांशलाई अस्थायी शिविरको आवश्यकता पर्दछ, किनकी अहिले अत्यधिक बर्षा भइरहेको छ, थप खतराको चेतावनी पनि दिइएको छ,' वरिष्ठ अधिकृत उरैया रैनिमाले भने । उनले अधिकांश घर फर्किन थालिसकेको सूचना आफुहरुलाई प्राप्त भएको पनि जानकारी दिए । आँधी आएको ताभेनी टापुमा झण्डै १९ हजार मानिस बसोबास गर्ने गरेका थिए । त्यस क्षेत्रमा अहिले विद्युत् सेवा अवरुद्ध भएको छ । विस्थापितहरुले आफ्ना परिवारजनको खोजी पनि गरिरहेका छन् । आँधीकै कारण कसैको मृत्यु भएको खवर भने आएको छैन ।


## Re-INVITATION FOR BIDS

**Bhume Rural Municipality**
**Office of the Rural Municipal Executive**
Khabangbagar, Rukum East
5 No. Province, Nepal

**Re-Invitation for Bids for procurement of Fabricated Steel Part for Truss Bridges**

**Contract Identification No: SB01, SB02, SB03, SB04/FAB/2076-077**
**First Date of Publication: 01/09/2076 BS (17/12/2019 AD)**
**Scond Date of Publication: 05/10/2076 BS (19/01/2020 AD)**

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Bhume Rural Municipality for Trail Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipalityinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Rural Municipality.
5. Bidding documents may be purchased from the office of Bhume Rural Municipality, Khabang Bagar, Rukum (East) by eligible Bidders, on submission of awritten application and upon payment of a non-refundable fee for bid documents as mentioned in the following table, until the (last date of purchase of bidding document) 15th day of 16:00 PM from the first date of publication of this notice.
6. Bids must be submitted to the office of Bhume Rural Municipality, Khabangbagar before 12:00 noon on 20/10/2076 BS (03/02/2020 AD). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 20/10/2076 BS (03/02/2020AD.) at the office of Bhume Rural Municipality, Rukum(East) Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the quoted Bid amount, which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. 0780100000030201, Bhume ga.pa.Dharauti Khata, Citizens Bank international Ltd., Bhume Branch, Khawangbagar, Rukum (East) (Account number, name of account holder and banker's name and address) and submit Bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
10. Pre-Bid Meeting shall be held at the office of Bhume Rural Municipality, at office Information Date & Time.
11. The name and identification of the contract are as follows:

| S. N. | Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Including VAT) | Seal Bid Security Amount (NRs.) | Seal Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 1. | Fabrication of steel parts and transportation up to road heads of Kankha steel Truss Bridge. | 12,88,172.75 | 38,500.00 | 3,000.00 |
| 2. | Fabrication of steel parts and transportation up to road heads of Chorkate steel Truss Bridge. | 10,06,299.40 | 30,000.00 | 3,000.00 |
| 3. | Fabrication of steel parts and transportation up to road heads of Bakhrekhor steel Truss Bridge. | 6,54,351.80 | 19,500.00 | 3,000.00 |
| 4. | Fabrication of steel parts and transportation up to road heads of Mulbang steel Truss Bridge. | 10,32,494.03 | 30,500.00 | 3,000.00 |

12. Eligible fabricator can contact for further information through:
E mail: bhumemun@gmail.com, Telephone: 9808502023
13. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# बक्स अफिस समाचार

## आस्थालाई राजेश र दीपकको सुझाव

मध्यान्ह संवाददाता
काठमाडौं, ४ माघ





गायिका आस्था राउत अहिले विवादमा तानिएकी छिन्। सामाजिक सञ्जालमा अहिले चर्चाको विषय बनेको आस्थाको भिडियोप्रति धैरैले नराम्रो प्रतिक्रिया दिएका छन् । धेरैले आस्थालाई सुरक्षा व्यवस्था उल्लंघन गर्न खोजेको भन्दै आस्थाको नै गल्ती भएको बताएका छन्। सामाजिक सञ्जाल फेसबुकमा मात्र नभएर भिडियोले ट्वीटरमा पनि तहल्का मच्चाएको छ र ट्वीटरमा पनि आस्थालाई समर्थन गर्ने भन्दा पनि गाली गर्नेको ओइरो लागेको छ ।

उनको बोल्ने भाषा शैलीलाई लिएर दर्शकहरुले आ-आफ्नो प्रतिक्रियाहरु दिइरहेका छन्। उनलाई अहिले गालीगलोजको ओइरो लागेको हो । आस्थालाई समर्थन गर्ने कम र आलोचना गर्नेको संख्या ज्यादा छ । यसैबीच निर्माता एवं कलाकार दीपकराज गिरीले गायिका आस्था राउतलाई माफी माग्न सुझाव दिएका छन् ।

कलाकार गिरीले शनिबार आफ्नो फेसबुक पेजमा आस्थालाई सम्बोधन गर्दै त्रिभुवन विमानस्थलमा भएको घटनाप्रति प्रहरीसँग माफी माग्न सुझाव दिएका हुन् । गल्ती आस्था र प्रहरी जवान दुवैबाट भएको भन्दै उनले चौतर्फी आस्थाको आलोचना भैरहेको भन्दै आफ्नो गल्ती स्वीकार गर्न दीपकको सुझाव छ । 'आज कतिपय स्ट्याटसहरू 'कलाकार यस्तै घमण्डी हुन्छन्' भनेर आउँदा दु:ख लाग्छ । त्यसैले सत्य जे होस्, त्यो प्रहरी जवान बहिनीसँग म माफी माग्छु,' उनी लेख्छन्, ' तिमी पनि माग। सेलिब्रिटी कल्चर हाम्रो देशमा छैन । हामी सामान्य नागरिक नै हौं, यो वास्तविकतालाई बुझौं ।' गल्ती अरुकै भए पनि दोष कलाकालाई आउने गरेको उनको भनाइ छ ।

कलाकारहरू आफैँमा संवेदनशिल विषय रहेको उल्लेख गर्दै दीपकराज लेख्छन्,'सेलेब्रिटिज् भनेको सेतो कपडा रहेछ अरू रङमा दाग नदेखिए पनि सेतोमा भने सानो दाग पनि देखिइहाल्छ ।' नेपालमा सेलिब्रिटी कल्चर नरहेको भन्दै दीपकले नेताहरुलाई मात्रै भीआईपी मान्ने संसारको आलोचना पनि गरेका छन् । 'विदेशमा प्राय: यस्तो घटना हुँदैन किनकी त्यँहा नेता मात्रै भीआईपी हुँदैनन्, धैरै कर तिर्ने ब्यापारीहरू, नाम चलेका खिलाड़ी, कलाकारहरूलाई पनि भीआईपी मानिन्छ,' उनले लेखेका छन् ।

दीपकराजले आफू कुनै समय मापसे काण्डमा विवादित बन्नुपरेको क्षण सम्झदै लेखेका छन्, 'मापसे काण्डमा म पनि परेँ । गल्ती मेरै थियो। तर, जब म प्रहरीको पञ्जामा परेँ । ममाथि भएको दुर्व्यवहार डर लाग्दो नै थियो तर मेरो कुरालाई कसैले गम्भीरतापूर्वक नै लिएनन् । यसबारे हामीले नै होसियार हुनुपर्ने रहेछ ।' यद्यपि भिडमा प्रहरीहरू प्रेसरमा हुने भएकाले उनीहरूको रुखो व्यवहारलाई स्वभाविक लिनुपर्ने दीपकराजको सुझाव छ ।

त्यस्तै, नेपाली गायन क्षेत्रका चर्चित मेघा स्टार राजेश पायल राईले पनि यस विषयमा टिक्का टिप्पणी गरेका छन् । राईले विमानस्थलमा चेकजाँच गर्ने प्रहरीको अधिकार हो । चेकिङमा कफी, पानी, मात्र नभई पैसा बोके पर्स पनि लान नपाइने कुरा बताएका छन् । भने, चेकिङ गर्ने महिला प्रहरी कर्मचारी र आस्था दुवै जनालाई राम्रो व्यवहार गर्न सुझाव समेत दिएका छन् । राइले शनिबार विहान सामाजिक सञ्जाल फेसबुकमा लामो स्टाटस राख्दै यस्तो बताएका हुन् । शुरुमा उनले भारतीय सुपरस्टार शाहरुख खानलाई समेत मज्जाले चेकजाँच गरेको थियो भन्दै स्टाटस शुरु गरेका छन् । बलिउड कलाकार शाहरुख खानलाई कट्टु लगाएकै अवस्थामा विमानस्थलमा जाँच गरेको भारतीय दृष्टान्त समेत उनले दिएका हुन् ।

गायक राईले गायिका राउतको रुन्चे व्यवहारप्रति सुझाव दिदैँ सामाजिक सञ्जालमा लेख्छन्, 'धैरै रुन्चे नबन, अब तिमी ठूली भइसक्यौं ।' दर्शकको घृणा सहन सक्नेहरु नै कलाकार हुन सक्ने राईको धारणा छ । गायिका राउत र विमानस्थलमा खटिएका कर्मचारी दुवैलाई सुध्रन उनले सुझाव दिएका छन् ।

## मेचुको 'तिम्रो मुटु मेरो मुटु' सार्वजनिक

**काठमाडौं/मस–** गायक एंव संगीतकार कारसाङ लामाको ' तिम्रो मुटु मेरो मुटु' बोलको गीत सार्वजानिक भएको छ । नेपाली गीत संगीतमा पछिल्लो समय व्यस्त लामाको उक्त गीतमा धेरैले राम्रो प्रतिक्रिया दिएका छन ।



कारसाङ लामाको संगीत रहेको यो गीतको शब्द सुन्दर पन्तले लेखेका हुन् । गीतमा स्वर भने ' भ्वाइस अफ नेपाल' सिजन २ की प्रतिस्पर्धी मेचु धिमालले दिएकी छिन् । गायिका मेच् भ्वाइस अफ नेपालको टप ८ सम्म पुग्न सफल भएकी थिइन् । गायनमा मेचुलाई गायक नारायण थापाले साथ दिएका छन् ।

उक्त गीतको भिडियोलाई निर्देशन र छायांकन प्रेम लामाले गरेका हुन् भने राज महर्जनले

कोरियोग्राफी गरेका हुन् । शुवास डाँगीले ड्रोन सट, टेकेन्द्र शाहले कलरीङ र सम्पादन गरेका हुन । भिडियोमा मनोज ओली र रिचा थापाको अभिनय हेर्न सकिन्छ ।

## बलिउड निर्देशक झा नेपाल आउने



**काठमाडौं/मस–** तेस्रो 'नेपाल अन्तर्राष्ट्रिय फिल्म महोत्सव' (निफ) मा निर्णायक मण्डललाई नेतृत्व गर्नका लागि बलिउडका चर्चित फिल्म निर्देशक नेपाल आउने भएका छन् । निफको तेस्रो संस्करण आगामी फागुन १ देखि ५ सम्म काठमाडौंमा आयोजना हुने भएको छ । नेपाल चलचित्र तथा साँस्कृतिक प्रतिष्ठानको आयोजनामा हुन लागेको महोत्सव राष्ट्रिय सभागृह तथा पर्यटन बोर्डको सभाकक्षमा ५ दिनसम्म चल्नेछ ।

यस अवधिभर ८० ओटा चलचित्र चल्नेछन् । जसमा १० अन्तर्राष्ट्रिय, ३५ लघु चलचित्र , ५ नेपाली चलचित्र, १५ नेपाली लघु चलचित्र, ८ वृत्तचित्र र ६ एनिमेटेड चलचित्र रहने छन् । ५५ देशबाट प्राप्त ६ सयभन्दा बढी चलचित्रबाट उत्कृष्ट ८० चलचित्र छानिएको आयोजकले बताएका छन् ।

'विश्वका कथाहरूको कथ्य उत्सव' नारासहित आयोजना भएको महोत्सवमा पछिल्लो वर्षमा कथानक चलचित्र मात्र प्रस्तुत गरिन्थ्यो । यो वर्ष भने एनिमेसन र वृत्तचित्रको विधा पनि थपिएको छ । महोत्सवमा हरेक विधामा उत्कृष्ट हुने कथाहरुलाई पुरस्कार प्रदान गरिनेछ । अन्तर्राष्ट्रिय प्रतिस्पर्धा अन्तर्गत सर्वोत्कृष्ट कथानक फिल्मलाई १ हजार ५ सय अमेरिकी डलरसहित गौतम बुद्ध अवार्ड, सर्वोत्कृष्ट वृत्तचित्रलाई १ हजार डलरसहित माउन्ट एभरेस्ट अर्वाड, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई ७५० डलरसहित मञ्जुश्री अवार्ड, सर्वोत्कृष्ट लघु चलचित्रलाई ५ सय डलरसहित वाग्मती अर्वाड प्रदान गरिने छ ।

फेस्टिभलमा प्रदर्शन हुनेमध्ये कथानक चलचित्रलाई बलिउड फिल्म निर्देशक प्रकाश झा नेतृत्वको निर्णायक मण्डलले मूल्यांकन गर्नेछ । यसमा गौरी मल्ल, मञ्जुकुमार श्रेष्ठ, पोर्तुगिज फिल्ममेकर जाओ पाओलो र सिंगापुरका फिल्ममेकर युनी हाडी सदस्य रहेनेछन्। वृत्तचित्र, लघु चलचित्र तथा एनिमेटेड चलचित्रतर्फको जुरीको नेतृत्व श्रीलंकन फिल्ममेकर अनोमा राजाकरुणाले गर्नेछन् भने उनलाई थिबाउट फ्रेक र करुण थापाले सघाउनेछन् ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत उत्कृष्ट कथानक चलचित्रलाई १ लाख रुपैयाँसहितको पुरस्कार र उत्कृष्ट लघु चलचित्रलाई ४० हजार रुपैयाँसहितको पुरस्कार प्रदान गरिनेछ । कथानक चलचित्रतर्फका उत्कृष्ट निर्देशक, लेखक, छायाँकार, अभिनेता र अभिनेत्रीलाई ट्रफी प्रदान गरिनेछ ।

## जुवातासविरुद्ध बोल्ने 'मुखियाको नाती'

**अर्घाखाँची/रासस–** समाजमा जुवातासको कुलतले धेरैको उठीबास लागेको पाउन सकिन्छ । पैसाजित्ने लोभमा तासको लतमा फसेपछि मानिस सहजै उम्कन सक्दैनन् । कोही जितेर मालमाल हुन्छन् त कोही घरबासै नरहने गरी पछारिन्छन् । तास खेल्ने धन सकिएपछि सम्पत्तिलाई समेत खालमा राख्नपछि पर्दैनन् । जुवातासकै कारण धन रित्याउँछन्, सम्पत्ति सिध्याउँछन् । सबै सकिएपछि कतिपयले मानसिक सुन्तुलन गुमाउँछन् वा डिप्रेसनको शिकार बन्न पुग्छन् । चरम तनावका कारण कोही आत्महत्या गर्ने मनस्थितिमा समेत पुग्ने गर्छन् ।



जुवातासले सिर्जित गरेको कहालीलाग्दो परिस्थितिलाई कलाकार नकुल ढकालले 'मुखियाको नाती' बोलको गीतमार्फत उजुर गरेका छन् । मुखियाको नाती जुवा, तासको लतमा फसेपछि भएभरको सम्पत्ति सक्छन् । अन्तिममा श्रीमतीलाई पनि तासको खालमा थाप्छन् र श्रीमती पनि गुमाउन पुग्छन् । त्यसपछि उनले मानसिक सन्तुलन गुमाउँछन्, बेवारिसे हुन्छन्, बाउआमा उनैको पिरले स्वर्गवास हुन्छन् । पसलमा पाउरोटी चोरर भाग्दै गर्दा उनलाई गाडीले ठक्कर दिन्छ र मुखियाको नातीको मृत्यु हुन्छ ।

गीतमा चर्चित गायक तथा संगीतकार वसन्त थापा, नकुल ढकाल र अमृत विश्वकर्माले स्वर दिएका छन् । शव्द नकुल आफैले लेखेका छन् भने लय ध्रुव जिसीले सिर्जना गरेका छन् । नकुलले नै मुखियाको नातीको भूमिकामा अभिनय गरेका छन् । मुखियाको नातीको जुवा दैनिकी र जुवाले रित्तिएपछिको पीडादायी अवस्थाका बारेमा गाइनेका रुपमा चौतारोमा बसेर सुरवीर पण्डितले बेली विस्तार गर्छन् । भिडियोमा दिपा पौडेल, रवी कार्की, अमित विश्वकर्मा, खेम केसी, माया गिरी, बुद्धि खनाल, राजु कुमालले अभिनय गर्नुभएको छ । गीतको संगीत संयोजन र निर्देशन तारानाथ आचार्यले गरेका छन् । डिजिटल स्टार रेकर्डिङले गीतलाई बजारमा ल्याएको हो ।

नखेल जुवा र तास धनको नास जीवनको बनिबास यो वर्षौ पहिलेदेखि सुन्दै आएको भाका हो । यसको सिर्जना पदमलक्ष्मी श्रेष्ठ, उर्मिला श्रेष्ठ, निर्मला श्रेष्ठ, गणेश रसिक र हिरण्य भोजपुरेले गरेका थिए। पुरानो भाकाको केही अंशमा नयाँ भाका र शब्द थपेर गीतलाई नयाँपन दिइएको छ । गीत मर्मस्पर्शी बनाइएको छ ।

प्राय: माया, प्रेम र पञ्चेबाजाका गीत गाउने थापाले समाजलाई चेतना प्रदान गर्ने सन्देशमूलक गीत गाउन पाउँदा खुशी लागेको बताए । आफैँले संगीत भरेर गीत गाउने थापाले यस पटक अरुको संगीतमा आफ्नो आवाज दिएका छन् । 'समाजमा विकृति विसंगतीका रुपमा रहेको जुवातासको अन्त्य गरी सभ्य समाज निर्माण गर्ने गीतको उद्देश्य हो', उनी भन्छन्, 'नयाँ कथा वस्तुमा आधारित रहेकाले यो गीत धैरैको रोजाइ बन्ने विश्वास लिएका छौं ।'

### भूल सुधार

मिति २०७६/०९/२८ गते कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित फ्रि भिषा ! फ्रि टिकट ! सहित कतारको प्रतिष्ठित 5 Star Hotel मा रोजगारको अवसर शिर्षक, चलानी नं.: ६०१४३५२५, पून चलानी नं.: ६१० र LT. No.: 224100 को विज्ञापनमा कम्पनी : pullman hotels हुन पर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ ।

लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ४३६४८६५/४३८९५२२

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७६।१०।०५**

उपरोक्त विषयमा यस कार्यालयको तर्फबाट मिति २०७६।०८।२२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिमको प्रयोजनार्थ यो सुचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल :

| सि. नं. | ठेक्का नं. | कामको विवरण | योजनाको नाम | बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक रु. (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|---|
| १ | ०५/०७६-७७ | एच.डि.पी. पाइप (PE-100) खरिद कार्य | विभिन्न खानेपानी आयोजनाहरु | श्री नेपाल सिन्टेक्स ईण्डष्ट्रिज प्रा.लि. भरतपुर १ रामनगर चितवन । | ५८,४९,७६०।०० |
| २ | ०६/०७६-७७ | एच.डि.पी. पाइप (PE-100) खरिद कार्य | विभिन्न खानेपानी आयोजनाहरु | श्री नेपाल सिन्टेक्स ईण्डष्टिङज प्रा.लि. भरतपुर १ रामनगर चितवन । | १,६७,२०,४०३।०६ |
| ३ | ०७/०७६-७७ | RCC & Ferrocement Tank निर्माण कार्य | पुरानो धुन्चे खा.पा.आ. रसुवा । | नबिन कन्सट्रक्सन धुन्चे, रसुवा | ३५,१५,९०६।२९ |

आयोजना प्रमुख

### Saudi मा रोजगारको अवसर

कम्पनी : Ekal Human Resource Co.
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७४/१०/२९ पून स्वीकृत मिति: २०७६/१०/०३ चलानी नं.: ६०१२६४८६ पून चलानी नं.: ६५६ LT. No.: 205213

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 58 | 0 | स. काममा दक्ष | 1000 | ३०,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता टाइमलेस मोमेन्ट होटल एण्ड पार्टी प्यालेस बिर्तामोड, झापामा माघ १२ गते (26 Jan. 2020) मा, मेनपावर कार्यालय काठमाडौंमा माघ १४ गते (28 Jan. 2020) मा लण्डन होटल इटहरी सुनसरीमा माघ १३ गते (27 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

### शुन्य लागत (Zero Cost) सहित मलेशियामा रोजगारको अवसर

कम्पनी : LKM PLYWOOD & TIMBER SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/०९/२१ चलानी नं.: ६०१४९६३७ L.T. No.: 230298

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 92 | 0 | स. काममा दक्ष | 1100 | ३०,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता यस प्रा.लि.को कार्यालय काठमाडौंमा माघ १२, १३ र १४ गते (26, 27 & 28 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Trendway International Pvt. Ltd.
श्रम इजाजत न.: ६१६/०६३/०६४
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.
ट्रेन्डवे हाउस, पानीपोखरी, फोन : ४००२६४६, ४००२६४७
Kathmandu : 9801144176, 9869135666, 9869135999

### बहराइनमा Security Guard का आवश्यकता

१. कम्पनी: SECURI CORE SPC OWNED BY RASHEED AL-FAWAZ शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०७६/०६/१६ पून स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१४४४४८ पून चलानी नं.: ६५३ LT. No.: 225053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 28 | 19 | स. काममा दक्ष | 120 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL RAYAH FOR SAFETY ITEMS WLL शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७५/१०/०७ पून स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१३६६५३ पून चलानी नं.: ६५४ LT. No.: 216630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 88 | 10 | स. काममा दक्ष | 120 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Security Guard को हकमा उमेर २१ देखि ४० वर्ष, उचाई ५ फिट ५ इन्च माथि, SLC पासका साथै कामको अनुभव नभएता पनि English बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय तिलगंगा, काठमाडौंमा माघ ९ र ११ गते (23 & 25 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, 9851164164, 9843599530, 9806950385
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com
श्रम ई. पत्र नं.: १०३१/०७३/०७४

# ए डिभिजन लिगको उपाधि होड रोमाञ्चक

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ माघ

राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिगको उपाधि होड रोमाञ्चक बन्ने भएको छ । सातौं चरणको खेल जारीरहँदा तीन वटा क्लबको समान १३ अंक रहेको छ । शीर्ष स्थानमा रहेको आर्मी, दोस्रो स्थानको मछिन्द्र र तेस्रो स्थानको मनाङ मर्स्याङ्दी क्लबले समान १३-१३ अंक जोडेका छन् । प्रतियोगिता अन्तर्गत शनिबार भएको खेलमा मनाङ र थ्रीस्टार क्लबका बीचका नतिजाले उपाधि होड रोमाञ्चक बन्ने निश्चित जस्तै छ । थ्रीस्टार र मनाङले २-२ गोलको बराबरी खेलेका हुन् । थ्रीस्टारले अग्रता बनाए पनि दोस्रो हाफमा अन्जनविष्टले २ गोल गरेपछि मनाङ २-१ को अवस्थामा पुगेको थियो । तर अन्त्यतिर थ्रीस्टारका लागि विदेशी खेलाडीले गोल गरेपछि खेल बराबरीमा टुंगियो ।



खेलको १९औं मिनेटमा भारतीय खेलाडी लालरम्मावियाले फ्रिकिकमा गोल गर्दै थ्री स्टारलाई अग्रता दिलाए । पुजन उपरकोटीले ह्यान्ड गरेपछि बक्सबाहिर प्राप्त फ्रिकिकमा लालरम्मावियाले सुन्दर गोल गर्न सफल भएका थिए । ३१औं मिनेटमा अन्जन विष्टको फ्रिकिकलाई गोलरक्षक प्रिसोले उत्कृष्ट बचाउ गरे ।

३९औं मिनेटमा लालरम्मावियाको पासमा शिव सुवेदीको प्रहार पोस्टबाट थोरै बाहिरिदा थ्री स्टारले अग्रता दोब्बर पार्ने अवसर खेर फाल्यो । ४९औं मिनेटमा अन्जन विष्टले पेनाल्टीमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए ।

अशोक खवासले पेनाल्टी बक्समा अन्जनलाई लडाएपछि प्राप्त पेनाल्टीमा अन्जन आफैंले गोल गर्न सफल भएका थिए । ६७औं मिनेटमा अन्जनले व्यक्तिगत दोस्रो गोल गर्दै मनाङलाई खेलमा २-१ को अग्रता दिलाए ।

८४ औं मिनेटमा लालरम्मावियाले गोल गर्दै खेललाई २-२ गोलको बराबरीमा ल्याए । शनिबारको नतिजाले थ्रीस्टार भने ७ खेलमा ११ अंकसाथ चौथो स्थानमा छ । यस्तै शनिबार नै भएको पहिलो खेलमा पुलिसले जाउलाखेल युथ क्लवलाई दुई शुन्य गोलले हरायो ।

सातदोबाटो स्थित एन्फा मैदानमा भएको खेलमा पुलिसले सुरुवात देखि नै जाउलाखेलमाथि केहि दबाव दिएको थियो । जसमा उसले खेलको २६ औं मिनेटमा अग्रता बनायो ।

पुलिसका सौजन्य राईले गोल गर्न सफल भए । उनले हेड मार्फत गोल गरे । त्यसपछि दुबै टिमबाट खासै राम्रो मुभ हुन सकेन र पुलिस पहिलो हाफमा एक शुन्यले अगाडी रह्यो । दोस्रो हाफका सुरुवातमा नै पुलिसले अग्रता दुई शुन्यमा पुर्यायो । यसपटक उसका लागि ४८ औं मिनेटमा सुमन लामाले गोल गरे । जसका कारण पुलिसले जाउलाखेल विरुद्ध दुई शुन्यको अग्रता बनायो । त्यसपछि जाउलाखेल खेलमा फर्कन सकेन र पुलिसले तीन अंक हासिल गर्यो । जितसँगै पुलिसले सात खेलमा ११ अंक बनाएको छ । जाउलाखेलका सात खेलमा नौ अंक छ । प्रतियोगिता अन्तर्गत आइतबारका खेलहरु सातदोवाटोमा हुने भएका छन् । दशरथ रंगशाला लगातारको बर्षाका कारण हिलाम्य भएपछि खेलहरु अहिलेलाई सातदोवाटो सारिएका हुन् । आइतबार एनआरटी र एपीएफ तथा फ्रेण्ड्स र सरस्वती आमने सामने हुने छन् ।

# एमएम कपको उपाधि आर्मीलाई

**काठमाडौं, मस-** त्रिभुवन आर्मी क्लबले मनमोहन मेमोरिएल (एमएम) कपको उपाधि जितेको छ । सुनसरीको इनरुवा मैदानमा शनिबार भएको फाइनलमा अर्को विभागीय क्लब नेपाल पुलिसलाई ८५ रनले पराजित गर्दै लगातार दोस्रो पटक च्याम्पियन बनेको हो ।

पहिलो संस्करणको फाइनलमा पनि आर्मीले पुलिसलाई हराउँदै उपाधि जितेको थियो ।

पहिला ब्याटिङ गर्दै आर्मीले १ सय ८४ रनको जोडेको थियो । १ सय ८५ रनको पछ्याउने क्रममा पुलिस २४.४ ओभरमा ९९ रनमै अलआउट हुन पुग्यो । पुलिसको लागि कुशल भुर्तेलले सर्वाधिक ३१ रन बनाए ।

अमित श्रेष्ठले २३ रन तथा अनिल साहले २१ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । पुलिसलाई सानो योगफलमा समेट्न आर्मीका देब्रे हाते स्पिनर सुशन भारीले ४ विकेट लिए ।

६ ओभरमा उनले २४ रन मात्र खर्चिए । यस्तै अर्का देब्रे हाते स्पिनर शाहब आलमले ३ विकेट लिए । कुशल मल्लले २ तथा बिक्रम शोबले १ विकेट हात पारे । यस अघि टस हारेर पहिलो ब्याटिंग गरेको आर्मीले ४८.५ ओभरमा अलआउट हुँदै १ सय ८४ बनाएको थियो ।




आर्मीका कप्तान बिनोद भण्डारीले ४० रन बनाएको खेलमा राजेश पुलामीले ३१, राजु रिजालले २२, बिक्रम सोबले १५, कुशल मल्लले १३ रन र रोहित पौडेलले ११ रनको पारी खेले ।

पुलिसका ललित राजबंशी, सागर ढकाल र दिपेन्द्र ऐरीले समान ३/३ विकेट लिंदा पवन सर्राफले १ विकेट लिए ।

उपाधि विजेता आर्मीले नगद ४ लाख १ हजारसहित ट्रफी हात पारेको छ । उपबिजेतामा सीमित बनेको पुलिसले नगद २ लाख ५ हजारमा चित्त बुझाएको छ ।

फाइनल खेलको प्लेयर अफ द म्याच बिजयी टिमका सुशन भारी घोषित भए । प्रतियोगिताकै उत्कृस्ट खेलाडी आर्मीका सुशन भारी चुनिए । उनले ५५ हजार नगद हात पारे । यस्तै प्रतियोगिताको उत्कृष्ट बलर सुदुरपश्चिमका बिनोद लामा तथा उत्कृस्ट ब्याट्सम्यान त्रिभुवन आर्मी क्लबका कुशल मल्ल घोषित भए । उनीहरुले जनही २१ हजार रुपैयाँ प्राप्त गरे ।

विजेता खेलाडीहरुलाई नेकपाका प्रदेश १ इन्चार्च भीम आचार्य, मनमोहन क्रिकेट सेन्टरका केन्द्रिय अध्यक्ष ठाकुर गैरे, इनरुवा नगरपालिकाका मेयर राजन मेहताका साथै राष्ट्रिय खेलकुद परिषदका सदस्य शम्भु आचार्य र आयोजक संस्थाका अध्यक्ष विप्लब घोषले पुरस्कार वितरण गरेका थिए ।

# सेभेन ए साइडको उपाधि भ्याली स्पोर्टसलाई




**पोखरा, रासस-** तेस्रो अमन गुरुङ स्मृति सेभेन ए साइड प्रतियोगिताको उपाधि आयोजक भ्याली स्पोर्ट्स क्लब सेतोले जितेको छ । पोखरा महानगरपालिका-१५ कोलपाटनको रेम्बो एकेडेमी होम्सको खेल मैदानमा शनिबार सम्पन्न फाइनलमा एलजी एशोशियसनलाई २-० गोलले पराजित गर्दै आयोजक टिमले उपाधि जितेको हो ।

उपाधि सँगै भ्यालीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्यो भने उपविजेता एलजी एसोसिएसनले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ७५ हजार रुपैयाँमा चित्त बुझायो ।

भ्यालीको जितमा घनश्याम तामाङले खेल शुरु भएको ३ मिनेटमा गोल गर्दै आयोजकलाई अग्रता दिलाएका थिए । आयोजकको लागी दोस्रो गोल खेलको ३६ औ मिनेटमा अजय श्रेष्ठले गरेका थिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी भ्यालीका अजय श्रेष्ठ घोषित हुँदै नगद १२ हजार रुपैयाँ प्राप्त गरे भने सोही क्लबकै सवाधिक गोलकर्ता सुनिल गोतामे घोषित हुँदै नगद ७ हजार रुपैयाँ प्राप्त गरे । उनले प्रतियोगिता अवधिभर ९ गोल गरेका थिए ।

बिजेता तथा उपबिजेता टिमलाई राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेश कुमार गुरुङ, एन्फाका उपाध्यक्ष कृष्ण थापा, कास्की जिल्ला फुटबल सँघ (एन्फा) अध्यक्ष मिलन गुरुङ, प्रयोजकहरु लगायतले पुरस्कार वितरण गरेका थिए । राखेप सदस्य गुरुङले बिजयी टिमलाई बधाई दिंदै भ्यालीले आगामी दिनमा समेत प्रतियोगितालाई निरन्तरता दिन आग्रह गरे । उनले पोखरा रंगशाला निर्माण पछि सेभेन ए साईडको समस्या हल हुने पनि बताए ।

कास्की जिल्ला फुटबल सँघ (एन्फा) अध्यक्ष मिलन गुरुङले सेभेन ए साइडलाइ हेप्ने गरेको टिप्पणी गरे । संघ भित्रको विकृतिले गर्दा फुटबल खेलको विकास नभएको उनले बताए । उक्त प्रतियोगितामा फुटबल खेलको विकासमा निरन्तर लागेका भन्दै सेभेन ए साइड महासँघका अध्यक्ष नविन पुनलाई सम्मान समेत गरिएको छ ।

# एट ए को ट्रफी सार्वजनिक

**पोखरा, मस-** कास्कीको प्रतिष्ठित संस्था बगर भाइ खलकले आयोजना गर्ने 'तेश्रो स्व. रन्जित गुरुङ स्मृती तथा नवौ बगर भाइ खलक भेट्रान एट ए साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता' सोमबारदेखि शुरुहुँदै छ ।



पोखराको पुरानो टुँडीखेलमा सुरु हुने प्रतियोगितामा विजेता हुने टिमका खेलाडीले आर्कषक ट्रफी शनिबार सार्वजनिक गरिएको हो ।

ती ट्रफी बेलायतबाट पोखरा ल्याएको हो । ती ट्रफीहरु संस्थाको यूकेस्थित भ्रातृ संस्था बगर भाइखलक यूकेले पठाएको हो । बगर भाइखलक यूकेका अध्यक्ष चन्द्रमान गुरुङले आफ्नो मातृ संस्थाको आयोजनामा हुने प्रतियोगिताका लागि विशेष रुपमा यूके बाट पठाएको बताए । प्रतियोगितामा आयोजकको दुई टिम सहित २८ टिमको सहभागिता रहेको छ । प्रतियोगितामा भारतको कलकत्ताबाट २ टिम आउने आयोजकले जनाएको छ ।

प्रतियोगितामा उपाधी विजेताले नगद १ लाख ११ हजार र उपविजेताले ५५ हजार ५ सय ५५ का साथमा ट्रफी, मेडल र प्रमाणपत्र पाउने संस्थाका अध्यक्ष दिल बहादुर गुरुङले जनाएका छन । माघ ११ गते सम्म संचालन हुने प्रतियोगितामा ४० वर्ष भन्दा माथीका खेलाडीले मात्रै सहभागिता जनाउनेछन् ।

# माघ ११ गते रत्ननगरमा राष्ट्रिय म्याराथन

**चितवन, रासस-** नेपाल भ्रमण वर्ष २०२० लाई प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय म्याराथन प्रतियोगिता २०२० आयोजना हुने भएको छ । रोटरी क्लब अफ रत्ननगरले यही माघ ११ गते सो प्रतियोगिता गर्न लागिएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष बिपिन पोखेलले राप्ती नगरपालिकाको भण्डामारादेखि शुरु भई रत्ननगरको स्टार ब्यांकेट होटलमा आएर सम्पन्न हुने जानकारी दिए । मिनी म्याराथन १५ किलोमिटर दूरीको रहनेछ । विभागीय समूह नेपाल आर्मी, नेपाल प्रहरी, शसस्त्र प्रहरी सहित चेपाङ गरी तीनसयभन्दा धावकको सहभागिता रहने छ । म्याराथोनमा सहभागिता जनाउनका लागि रत्ननगरमा रहेको होटल स्टार ब्यांकेट रहेको सचिवालयमा नाम दर्ता गराउन सकिनेछ ।

सहभागीता जनाउनका लागि धावकहरुले अनलाइनमार्फत समेत नाम दर्ता गर्न सक्नेछन् । नाम दर्ता गर्नका लागि माघ ८ गतेसम्मको समय तोकिएको छ । प्रतियोगितामा प्रथम हुनेले ५० हजार, द्वितीय हुनेले २५ हजार र तृतीय हुनेले रु १५ हजार नगदसहित चाँदीको मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै प्रतियोगिता पूरा गर्ने महिला धावकलाई नगद रु पाँच हजारले सम्मान गरिनेछ । प्रतियोगिताको रोटरी ३२९२ का गभर्नर किरणलाल श्रेष्ठले उद्घाटन गर्ने कार्यक्रम रहेको छ ।

रोटरी क्लब अफ रत्ननगरले यसअघि रोटरी पुस्तकालय, शहीद स्मृति पुस्तकालय, लटौली खाजा तथा लघुवित्त कार्यक्रमको सञ्चालन, रोटरी सार्वजनिक शौचालय निर्माण, बृहत् रक्तदान कार्यक्रम जस्ता सामाजिक काम गर्दै आएको छ । भ्रमण वर्षलाई लक्षित गर्दै क्लबले सौराहामा रोटरी घण्टाघरको निर्माणको कामसमेत शुरु गरेको क्लबका निवर्तमान अध्यक्ष जनक पौडेलले जानकारी दिए ।

# मैत्रीपूर्ण खेलमा मलेसिया विजयी



**पोखरा, मस-** नेपाल भ्रमणमा रहेको मलेसियाको क्रिकेट टिमले पोखरा ११ विरुद्धको मैत्रीपूर्ण प्रतियोगितामा जीत हात पारेको छ । शनिबार पोखरा मैदानमा घरेलु टोलीलाई ६ विकेटले पराजित गरेको हो । खराब मौसमका कारण खेल ३० ओभरमा झारिएको थियो । १ सय ३ रनको सामान्य लक्ष्य मलेसियाले २१ ओभर १ बलमा मात्र ४ विकेट गुमाएर पुरा गर्‍यो । उसका भिरन्दिप सिंहले सर्वाधिक ४४ रन जोडेका थिए ।

यस्तै, साइद अजिजले २० रन बनाउँदा भुशन शेबले १७ रन बनाए । मोहम्मद फेतृले अविजित १०, आइनुल हकिमले ५ र अहमद फैजले २ रन बनाए । पोखराका दीपेश खत्रीले ४ विकेट हात पारे । टस हारेर पहिले ब्याटिङ गरेको पोखराले १ सय २ रनमा अल आउट भएको थियो । पोखराका प्रविन ढकालले अविजित २५ रन बनाए । यस्तै अनिल गुरुङले २२ रन बनाउँदा रिजन प्रजुले १४ रन बनाए । अन्य ब्याट्सम्यानले दोहोरो अकं छुन सकेनन् । पोखरालाई सस्तैमा समेट्न मोहम्मद नजैलले ३ विकेट लिए । यस्तै मर्विन मुनियाण्डी, मोहम्मद अन्वार र पवन दिप सिंहले समान २-२ विकेट लिए । धिवेन्द्रन मोगनले एक विकेट हात पारे ।

# टोटनह्याम र वाटफोर्ड बराबरी



**काठमाडौं, एजेन्सी-** इंग्लिस प्रिमियर लिग फुटबलमा टोटनह्याम र वाटफोर्डले गोलरहित बराबरी खेलेका छन् । शनिबार भएको खेलमा दुवै पक्षबाट कुनै पनि गोल नभएपछि एक एक अंक लिएका छन् । वाटफोर्डका ट्रोय डेनीले प्रहार गरेको पेनाल्टी असफल हुन पुगेको थियो । बराबरी भएपछि टोटनह्यामले २३ खेलबाट ३१ अंक जोडेको छ भने समान खेलबाट वाटफोर्ड २३ अंकका साथ १६ औं स्थानमा छ ।

# आरबीबी भलिबलमा विभागीयको जीत



**काठमाडौं, मस-** नेपाल भलिबल संघको आयोजनामा पाँचौ आरबीबी एनभीए राष्ट्रिय क्लब महिला तथा पुरुष भलिबल च्याम्पियनसिप २०२० मा शनिबार महिला तर्फको खेलमा सशस्त्र प्रहरी बलको एपिएफ क्लब र त्रिभुवन आर्मीले जित निकालेका छन् ।

राखेपको कभर्डहलमा भएको दोश्रो दिनको पहिलो खेलमा एपिएफले जावलाखेल भलिबल सेन्टर (जेभिसी)लाई ३-० को सोझो सेटमा पराजि गर्दै ३ अंक बटुल्न सफल भयो । एपिएफले जेभिसी माथि २५-४, २५-८, २-८ को सेटमा पराजित गरेको हो ।

यस्तै महिला तर्फकै दोश्रो खेलमा टिएसीले भरतपुर मेट्रो खेलकुद परिषद (बिएमसी) लाई ३-० सेटले नै पराजित गर्‍यो । टिएसीले बिएमसीलाई २५-८, २५-२०, २५-१० को सोझो सेटमा पराजित गरेको हो ।

यस्तै शनिबारनै भएको पुरुषको पहिलो खेलमा नयाँबजार सामाजिक युवा क्बल (एनवाईसी) र आरजी भलिबल ग्रुप (आरजीजी) विचको खेलमा एनवासीले जित हात पार्‍यो । एनवाईसीले २५-२०, २५-१६, २५-१८ अंकका साथ ३-० को जित निकाल्दै ३ अंक बटुल्न सफल भयो । एनवाईसीको पहिलो जित हो भने आरजीजीको दोश्रो हार हो । पुरुषको दोश्रो खेलमा नेपाल पुलिस क्लबले पार्वती भलिबल क्लब (पिभिसी) बाट वाक ओभर प्राप्त गर्‍यो ।

# थ्रीबाई थ्रीको उपाधि टाइम्सलाई

**काठमाडौं, मस-** टाइम्स क्लबले लि-निङ्ग थ्री बाई थ्री बास्केटबल अन्तर्गत बुटवल लेगको उपाधि जितेको छ । शनिबार सम्पन्न प्रतियोगिताको फाइनलमा टाइम्सले न्यु होराइजन क्लबलाई १४-११ ले हरायो । फाइनल प्रवेश गरेका दुवै टोलीले अब धनगढीमा हुने थ्री बाई थ्री वेष्टको उपाधिको लागि खेल्नेछन् । थ्री बाई थ्री वेष्टको पोखरा लेगको उपाधि भने कास्की बास्केटबल संघले जितेको थियो । पोखराबाट कास्की र रामघाट धनगढीमा हुने फाइनलका लागि प्रवेश गरेका थिए । धनगढी लेग माघ ६ गते हुनेछ भने वेष्टको फाइनल ८ र ९ गते हुनेछ । तीनवटै शहरबाट फाइनल पुग्ने टोलीहरु उपाधिका लागि भिड्नेछन् ।




फाइनलका बिजेता र उपबिजेताहरुले क्रमश: ५० हजार र २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । पोखरा लेगमा १२ र बुटवल लेगमा १० टिमहरुको सहभागिता रहेको थियो र सहभागी टिमहरुलाई डबल एलिमिनेस फर्म्याटमा खेलाइएको थियो । नेपाल बास्केटबल लिग प्राइभेट लिमिटेडले यसअघि थ्री बाई थ्री इस्टको पनि आयोजना गरेको थियो । एनबिएलले थ्री बाई थ्री सेन्ट्रलको पनि आयोजना गर्नेछ ।

जस्तो सीप उस्तै रोजगार
मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५२६, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।
Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# ‘सहकारीको नियमन मुख्य चुनौती’



## परितोष पौडेल, अध्यक्ष, नेफ्स्कुन

नेपालको संविधानले देशको अर्थतन्त्रलाई तीन खम्बा केन्द्रित गरेको छ । त्यसमध्येको एक हो सहकारी क्षेत्र । निजी क्षेत्र र सरकारी क्षेत्रको कुल-गार्हस्थ उत्पादनमा महत्वपूर्ण योगदान रहेपनि सहकारीको कति प्रतिशत योगदान छ भन्ने विषयमा समेत आधिकारिक तथ्यांक सरकारसँग छैन ।

सहकारीमा सर्वसाधरणको सहभागीता भने बढेको-बढै छ । अहिले देशभर ३५ हजार बढी सहकारी रहेका छन् । सर्वसाधारणको ७३ अर्ब भन्दा बढीको शेयर पुँजी र करिब तीन खर्ब बचत रहेको तथ्यांक छ । त्यस्तै सहकारीबाट सर्बसाधरणले दुई खर्ब ७० अर्ब रुपैयाँ भन्दा बढी ऋण लगेका छन् । जनताको यति ठूलो लगानी भएको सहकारी क्षेत्र आफैं अझै व्यवस्थित हुन सकेको छैन । सहकारीको मूल मर्म अनुसार काम हुन नसकेको विषय पनि सहकारी अभियान्ताहरूले बताउने गरेका छन् ।

सहकारीको कारोबार बढ्दै गएपछि प्रभावकारी अनुगमन र नियमन नहुँदा विकृति बढिरहेको नै देखिन्छ । ३५ हजार सहकारी मध्ये १४ हजार बचत तथा ऋण सहरकारी संस्थामा रहेका छन् । तीने बचत तथा ऋण सहकारी संस्थाको छाता संगठन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)का अध्यक्ष **परितोष पौड्यालसँग** मध्यान्ह दैनिकको लागि **बीपी भट्टराईले** सहकारीको अहिको अवस्था र व्यवस्थापनको सवालमा गरिएको कुराकानीको सम्पादित अंश :

**नेपालको संविधानले सहकारीलाई अर्थतन्त्रको एक खम्बा भित्र राखेको छ । तर सहकारीले खम्बा धान्न सकेको अवस्था देख्नु हुन्छ ?**

संविधानमा तीनखम्बे अर्थनीतिअन्तर्गत सहकारीलाई समेटिएको छ । त्यसैअनुसार विभिन्न ऐन, कानुन राष्ट्रिय योजना आयोगका नीतिहरूमा सहकारीलाई महत्व दिए पनि सरकारका कार्यक्रमहरूमा सहकारी प्राथमिकतामा पर्न सकेको छैन ।

सहकारीमा टेकेर समाजवादी रूपान्तरण गर्ने संविधानमा उल्लेख छ । कानुनी संहिता उचित ढंगले व्यवस्थापन गर्न सकियो भने सहकारी अभियानलाई नयाँ ढंगले संस्थागत गर्न हामीले यो खम्वालाई दह्रो बनाउन पनि सक्छौं भने समाज रुपान्तरणमा सहकारीको भूमिका थप बढाउन सकिन्छ । अर्थतन्त्रमा गरेको योगदानको हिसावले यसलाई कमजोर खम्वाको रुपमा पनि भनेको कतै सुनिन्छ। तर समाज रुपान्तरणमा यसको योगदान बढी छ ।

यो क्षेत्रमा केही अझै गर्न जरुरी छ । अब सहकारीमा प्रविधिको रूपान्तरण र एकरुपताका लागि काम भइरहको छ । कोपोमिस कार्यान्वयन अघि बढेको छ । चार्ट अफ एकाउन्ट पनि जारी भएको छ । स्थिरीकरण कोष, बचत तथा कर्जा सुरक्षण कोष, कर्जा सूचना केन्द्रका लागि काम अगाडि बढेको छ । यस बीचमा राज्यसँग केही असहमतिका विषयहरू छन् । यसलाई मिलाएर अघि बढाउन सकियो भने अब सहकारी अभियान संस्थागत हुन्छ ।

**बचत तथा ऋण सहकारीहरूको छाता संस्थाको नेतृत्व तपाईले सम्हाल्नु भएको छ । कस्ता चुनौतीहरू देख्नु भएको छ ?**

अहिले सहकारीको नियमन मुख्य चुनौतीको विषय बनेको छ । सुशासनमा समस्याले संस्थाको सवलीकरणका प्रश्नर उठिरहेको नै हामी पाउछौं । हामी सहकारी अभियानका तर्फबाट राज्यले गर्नुपर्ने केही कामहरूलाई सहजीकरण गरिरहेका छौं । सहकारीको सवलीकरणमा राज्य प्रभावकारी रूपमा स्थापित हुन नसक्ने राज्यले गर्नुपर्ने प्रवर्द्धनसँगै नियमनको दायित्व पनि प्रभावकारी बनाउनु पर्नेछ ।

हामीले विभिन्न प्रवर्द्धानात्मक कार्यक्रम सञ्चालन गर्दै संस्थाहरूमा गुणस्तर सुनिश्चितता कायम गर्ने तहसम्म ल्याएका छौं, यति प्रयाप्त छैन । अबको मुख्य विषय वित्तीय सक्षमता विस्तार हो । संस्थाहरू साना छन्, सदस्यहरूको ठूलो वित्तीय समाधान होस् भन्ने अपेक्षा गरिएको छ । साना संस्थाहरूबाट ठूलो वित्तीय समाधान गर्न नसकिने हुँदा त्यहाँबाट असन्तुष्टि सिर्जना भएको अवस्थालाई हामीले केलाउन सक्नुपर्छ । यथार्थ कुरा हो सहकारी-सहकारीका बीचमा पनि समस्या छ । सहकारी र निजी क्षेत्रबीचमा पनि समस्या छ । यस कारण पनि बजार प्रतिस्पर्धात्मक स्थान कायम गर्न सकेका छैनौं ।

बैंक तथा वित्तीय संस्थाहरू प्रभावकारी सेवा दिँदै अघि बढेका छन् भने हामीले वित्तीय क्षेत्रको प्रतिस्पर्धा कायम गर्न अपेक्षित रुपमा सकेका छैनौं । बैंकले दिएका सुविधा सहकारीबाट पाउँन सक्ने अवस्था छैन । हाम्रो (सहकारी क्षेत्र)को समष्टिमा उद्देश्य भनेको सदस्यहरूको सन्तुष्टि दिलाउनु हो, तर सदस्यको सन्तुष्टि हुन सकेको स्थिती छैन । यसका लागि हामीले सहकारी क्षेत्रमा काम गर्ने कर्मचारीको क्षमता वृद्धिको साथै उनीहरुके सन्तुष्टि पनि हेर्न आवश्य क छ जस्तो मलाई लाग्छ ।

**यो सन्तुष्टि भनेको कसरी हेर्ने त ?**

बैंकमा उच्च पारिश्रमिक पाउने र सहकारीमा न्यून हुँदा कर्मचारी सन्तुष्टि हुन सकेका छैनन् । यी सबै कुरा व्यवस्थापनका लागि सहकारीको नयाँ अभियान सुरु गर्नुपर्नेछ । यसैमा हामी केन्द्रित भएका छौं ।

**सहकारीको नाममा केही व्यक्तिले मनपरी गर्ने, गलत काम गर्नका लागि छाता संस्था नै बाधक हुने जस्तो पनि देखिएको छ, के यस्तो कार्यले सहकारी क्षेत्रको सुधारमा अवरोध पुऱ्याउदैन त ?**

संस्था बाधक हुन्छ भन्ने कुरा गलत छ । म केन्द्रीय अध्यक्षका रूपमा पनि सहकारीका अभियन्ता साथीहरूको विश्वास लिएर पनि भन्न सक्छु हामीले प्रवर्द्धनात्मकबाहेक अन्य काम गरेका छैनौं । सहकारीका आवरणका कसैले यसको मर्म विपरितको काम वा अनावश्यक लाभ लिन्छ भने यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नै पर्छ ।

सहकारीमा लागेका यति धेरै स्वयंसेवकहरूको एउटै स्वार्थ भनेको सहकारीको हित प्रवर्द्धन मात्रै हो ।

**तपाईले क्षमता वृद्धि गर्न आवश्यक छ भनिपनि रहनु भएको छ । अहिले सहकारीहरू आवश्यकताअनुसार प्रविधि मैत्री हुन सकेका छन् जस्तो लाग्छ ?**

उच्चस्तरीय प्राविधिक सेवातर्फ हामी लागिरहेका छौं । यसलाई बढाउन आवश्यक छ । विश्व विस्तारै पेपरलेस र क्यासलेस बन्दैछ । यो ग्लोबल एजेन्डा पनि बनेको छ । हामी विद्युतीय उपकरण, डाइरेक्ट एटीएम प्रयोग गर्न पाइरहेका छैनौं । सहकारीमा यी प्रविधि प्रयोग गर्न राज्य कति उत्तरदायी छ भन्ने पनि हो । यसका लागि सहकारी संस्थाहरूमा सिङगल सफ्टवेयर आवश्यक छ । अहिले संस्थापिच्छे फरक-फरक सफ्टवेयर छ र एकअर्कामा आबद्धता गर्न सकिँदैन भने कसरी नियमन गर्न सकिन्छ । अब फोर्सफुल एकीकरण सुरुवात गर्नुपर्छ ।

**सहकारी क्षेत्रमा अवैध रकम राखिन्छ भन्ने आरोप पनि कहिलेकाहीँ लाग्ने गरेको छ । सम्पत्ती शुद्धीकरणमा सहकारी क्षेत्र कमजोर हो भन्न मिल्छ ?**

यो अन्तर्राष्ट्रिय विषय हो । राज्य सम्पत्ति शुद्धीकरण निवारणमा कुरा गर्ने काम नगर्ने परिस्थितिमा छ । सहकारीमा सम्पत्ति शुद्धीकरण निवारणका विषयमा गम्भीर प्रश्न उठेपछि धेरै तालिम दियौं । हामी यसको पालनामा गम्भीर छौं । सहकारीले स-सानो कारोबार गर्ने भएकाले हामीकहाँ त्यति धेरै बदमासी त छैन । हामी उत्तरदायी हुन्छौं, सहयोग गर्छौं । संस्थाहरूलाई जागृत र प्रेरित गरिरहेकाछौं । सम्पत्ति शुद्धीकरण निवारण पालनालाई स्तरीकरण कार्यक्रममा एउटा सूचकमा राखेका छौं ।



“

- समाज रूपान्तरणमा सहकारीको भूमिका थप बढाउन सकिन्छ ।
- सहकारीमा प्रविधिको रूपान्तरण र एकरूपताका लागि काम भइरहको छ ।
- सहकारीको सवलीकरणमा राज्य प्रभावकारी रूपमा स्थापित हुन नसक्ने राज्यले गर्नुपर्ने प्रवर्द्धनसँगै नियमनको दायित्व पनि प्रभावकारी बनाउनु पर्नेछ ।
- अबको मुख्य विषय वित्तीय सक्षमता विस्तार हो ।
- समष्टिमा उद्देश्य भनेको सदस्यहरूको सन्तुष्टि दिलाउनु हो ।
- सहकारीको आवरणका कसैले यसको मर्म विपरितको काम वा अनावश्यक लाभ लिन्छ भने यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नै पर्छ ।
- राज्य सम्पति शुद्धीकरण निवारणमा कुरा गर्ने, काम नगर्ने परिस्थितिमा छ ।
- संघीय ऐन तथा नियमावलीमै केही अप्ठ्यारा देखिएका छन् ।
- यति ठूलो कारोबार हुने सहकारी क्षेत्र प्रदेश र पालिकालाई दिनु नै गलत हो ।
- राज्य प्रभावकारी नियामक र प्रवर्द्धनात्मक दायित्वबाट बाहिर जान हुँदैन ।

**अहिले पनि सहकारीमा ठगिएका सर्वसाधारणले र ाहत पाउन सकेका छैनन् तपाईहरू पनि यस्ता समस्याको समधानमा लागे जस्तो देखिदैन किन नि?**

पहिलेको समस्या हेर्ने र भोलिको समधानमा पनि केन्द्रित हुने हो । हिजो केही समस्या भयो भविष्य यस्तो नहोस् भनेर कर्जा सूचना, स्थिरीकरण कोष, न्यायाधीकरण, स्तरीकरण कार्यक्रम अघि सारेर व्यवस्थापन खोजेका छौं । विश्वका उच्च प्रविधि र उत्कृष्ट अभ्यासलाई आन्तरिकीकरण गरेर सफलतापूर्वक प्रयोग गरेका छौं । कहिले कहाँ राज्य हिजोको बदसासीलाई पनि यसैमा हाल्नुपर्छ भनेर संकीर्ण मानसिकताले पनि काम गरिरहेको छ । आजको डेडलाइन बनाएर भोलिका दिनमा त्यस्तो नहोस् भनेर काम गर्न जरुरी छ ।

**सहकारी ऐन र नियमावली कति प्रभावकारी देख्नु भएको छ ?**

संघीय ऐन तथा नियमावलीमै केही अप्ठ्यारा देखिएका छन्, जसलाई हामी संसोधनका लागि समेत प्रयास गरिरहेका छौं । त्यसैले कानुनी संहितामा एकरूपता ल्याउन जरुरी छ । त्यसपछि मात्रै कार्यविधिहरुमा एकरूपता आउँछ । यसले सुशासन प्रवर्द्धन हुन्छ र संस्थाहरूको स्थायित्व कायम हुन्छ । सहकारीमा सुशासनका लागि लोकतान्त्रिक नियन्त्रण प्रणाली आवश्यक हुन्छ । सँगै राजकीय नियन्त्रण प्रणाली पनि आवश्यक हुन्छ । सुशासन सहकारी संस्थाहरूमा मात्र भएर नहुने रहेछ । मन्त्रालय र विभागभित्र पनि आवश्यक देखिएको छ । त्यहाँभित्र पनि अनेक समस्या छन् । त्यसलाई हटाउनका लागि लबिङ गरिरहँदा अन्तरविरोध पनि बढेको छ । मन्त्रालय र विभागभित्र देखिएका समस्याको हामी सर्वसाधारणले प्रश्न उठाउन पाउने कि नपाउने ? अब यी विषयमा एकताका साथ उठाउँछौं । अब हामीभित्रको सुशासनका विषयमा सम्झौता गर्दैनौं । सँगै मन्त्रालय र विभागमा समेत सुशासन कायम गर्ने विषय प्रमुखताका साथ उठाउँछौं । अहिले धेरै संस्थाहरूबाट मन्त्रालयमा विभागमा वित्तीय सुशासन नभएको, अवाञ्छित ढंगले काम भए भन्ने गुनासो हामीलाई राख्नुभएको छ । हामीले त्यस्तो स्थिति रह्यो र अझै शुद्धीकरण र सुदृढीकरण गर्नुपऱ्यो भने नेतृत्व लिनुपर्छ भन्ने निष्कर्षमा हामी पुगेका छौं ।

**वित्तीय कारोबार गर्ने सहकारीका लागि छुट्टै निकायको मागसमेत भएको देखिन्छ के आवश्यबक हो ?**

अब यो विषय पनि पुरानो भयो । अब वित्तीय सहकारीलाई प्रभावकारी सञ्चालन नियमन गर्न एकमात्र विकल्प वित्तीय सहकारी ऐन नै हो । अरु बाटोबाट हामी निश्कर्षमा पुग्न सक्दैनौं ।

संघीय मोडलमा सुरक्षा संयन्त्र परिचालन, वैदेशिक नीति, वित्त नीति संघीय सरकारसँगै छ । तर, यति ठूलो कारोबार हुने सहकारी क्षेत्र प्रदेश र पालिकालाई दिनु नै गलत हो । यसले सहकारीमा वित्तीय सुशासन कायम गर्नका लागि वित्तीय सहकारीको संघीय ऐन आवश्यक छ । अहिलेको व्यवस्थाले पार लाग्दैन ।

**सहकारीको ब्याजदर नियन्त्रण गर्न खोज्दा अभियान्ताबाट नै विरोध भएको हैन र ?**

यो विषय संस्थाले आन्तरिक नीति बनाएर मूल्य निर्धारण गर्ने हो । संस्थाले सदस्यसँग उत्तरदायी र जवाफदेही भएर ब्याजदर निर्धारण गर्छ । सहकारी ऐनमा आएको रेफेरेन्स इन्ट्रेस्ट रेट भनेकै एउटा मार्गदर्शन हो । यसलाई गलत ढंगले व्याख्या गर्दा विरोध भएको हो । अब राज्यले संहितामा राखेपछि पालन गर्नुपर्छ । संशोधन त्यो नआउनु पर्थ्यो, आइसकेपछि त त्यसलाई लागु गर्नपर्छ ।

**सहकारीमा एकीकरणको विषय पनि उठेका छन् यसलाई कसरी लिनु भएको छ ?**

यसको लागि राज्यसँग उचित रणनीति नै छैन । कति संस्था एकीकरण गरेर कति बनाउने भन्ने विषयमा राज्यसँग कुनै टार्गेट र स्किम छैन । अहिलेसम्म हामीले स्वःस्फूर्त रूपमा एकीकरण अगाडि बढाएका छौं । एकीकरणपछि उत्पन्न हुने धेरै चुनौती समाधान गर्नका लागि राज्यमैत्री छैन । राज्यबाट सहयोगभन्दा पनि असहयोग नै पाएका छौं । एकीकरणका लागि हप्तौं काठमाडौं बस्नुपर्ने अवस्था छ । यसले त निरुत्साहित गर्न खोजेको जस्तो पनि देखिन्छ । अब एकीकरण प्रभावकारी बनाउन राज्यले रणनीति बनाउनुपर्छ । निश्चित लक्ष्य र उद्देश्य आवश्यक छ । जसले एकीकरणलाई प्रवर्द्धन गर्छ । जापानले ५ सयवटा संस्था बनाउने १५ वर्षे रणनीति बनायो । स्वच्छिक ढंगबाट नआउने संस्थाहरूलाई के गर्ने ? उनीहरूलाई प्रेरित, सुझाव र दबाब पनि आवश्यक छ ।

**अन्त्यमा, यस क्षेत्रको सुधारमा तपाइका योजना कस्ता रहेका छन् ?**

बचत तथा ऋण सहकारी सिद्धान्तको गतिशीलता पक्रिनुपर्छ । सन्तुलित र सुरक्षित संस्था बनाएर जान सके मात्र सहकारी संस्था प्रभावकारी बनाउन सक्छौं । यसका लागि राज्य पनि सहकारीमैत्री हुनुपऱ्यो । प्रवर्द्धनात्मक सहयोग पुऱ्याउनुपर्छ । राज्य प्रभावकारी नियामक र प्रवर्द्धनात्मक दायित्वबाट बाहिर जान हुँदैन । अहिले सहकारीमा बढी कर तिर्ने वित्तीय संस्थाहरू नै हुनै । हामीले तिरेको करअनुसार राज्यले हामीलाई प्रवर्द्धनका लागि लगानी गरेको छैन ।

वित्तीय सक्षमता कायम गर्ने एउटा विषय हो । सबै संस्थालाई एउटै सञ्चालनको विधि ल्याउनु आवश्यक छ । यसलाई हामी जबरजस्ती लैजान सक्दैनौं । राज्यले सहजीकरण गर्नुपर्छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

यदी छ भने हामीलाई सम्झनुहोस् ।
CCTV, EPABX बिक्रि तथा मर्मत,
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८७२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**